जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १२८ • २०८३ साल आश्विन ९ गते शुक्रबार (25 September, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

# भारी वर्षाको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । मौसम पूर्वानुमान महाशाखाले बिहीबार साँझ बुलेटिन जारी गर्दै देशभर मनसुनी वायु र पश्चिमी वायुको आंशिक प्रभावसँगै वर्षाको सम्भावना बढेको जनाएको छ।

बंगालको खाडीमा बनेको बलियो न्यून चापीय क्षेत्र (डिप डिप्रेसन) हाल भारतको उत्तर आन्ध्र प्रदेश तथा दक्षिण ओडिशा आसपासको क्षेत्रमा रहेको छ । यस प्रणाली सुरुमा आफ्नो तीव्रता कायम राख्दै उत्तर-पश्चिमतर्फ सर्ने र त्यसपछिको २४ घण्टामा उत्तर-उत्तरपश्चिमतर्फ अघि बढ्दै क्रमशः कमजोर हुने महाशाखाले जनाएको छ।

हालको मौसमको अवस्था अनुसार कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा अधिकांश भू-भाग ढकमक्क बादलले ढाकिएको छ भने सुदूरपश्चिम प्रदेशमा बादल लागेको छ भने मधेश प्रदेशसहित केही प्रदेशमा बुधबार साँझदेखि नै निरन्तर रुपमा न्यून पानी परिरहेको छ। कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरैजसो स्थानमा र कर्णाली तथा सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ।

बिहीबार राति कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा धेरैभन्दा धेरै वर्षाको सम्भावना रहेको छ। विशेष गरी लुम्बिनी र गण्डकी प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षा हुन सक्ने अनुमान गरिएको छ। यस्तै मधेस प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

मधेश प्रदेशका साथै कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा तीव्र हावाहुरीको समेत सम्भावना रहेको जनाइएको छ । वर्षा र हावाहुरीका कारण पहाडी तथा तटीय क्षेत्रहरूमा गेग्रान बहाव, बाढी, पहिरो र भू-क्षयजस्ता प्राकृतिक प्रकोपको जोखिम उच्च रहने महाशाखाले जनाएको छ।

यसबाट आम नागरिकको दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायात एवं उद्धार र राहतका कार्यहरू प्रभावित हुन सक्ने भएकाले सतर्कता अपनाउन र विभागबाट जारी हुने अद्यावधिक सूचनाहरू नियमित रूपमा लिन महाशाखाले आग्रहसमेत गरेको छ।

## देउवा समूहद्वारा समानान्तर महाधिवेशनको तयारी तीव्र

# मधेशमा पनि तोकियो केन्द्रीय प्रतिनिधि, असोज १५ देखि वडा अधिवेशन शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहले समानान्तर महाधिवेशनको तयारी तीव्र बनाएको छ। समूहले ७७ मध्ये ७६ जिल्लामा केन्द्रीय प्रतिनिधि तोक्दै संगठनात्मक गतिविधि अघि बढाएको छ। रुकुम पश्चिममा भने हालसम्म प्रतिनिधि तोकिएको छैन।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाको संयोजकत्वमा गठित महाधिवेशन आयोजक समितिले असोज १५ गतेदेखि वडा अधिवेशन सुरु गर्ने तथा आगामी मंसिर २१ देखि २३ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ । सोही तयारीअनुसार डा. कोइरालाले आयोजक समितिको संयोजकका रूपमा हस्ताक्षर गर्दै जिल्लागत रूपमा केन्द्रीय प्रतिनिधि खटाएका छन्।

देउवा समूहले मधेश प्रदेशका सबै आठ जिल्लामा केन्द्रीय प्रतिनिधि तोकेको छ। प्रदेशका जिल्लामा संगठनात्मक तयारी र अधिवेशन प्रक्रियालाई अघि बढाउने जिम्मेवारीसहित प्रतिनिधि खटाइएको छ।

मधेश प्रदेशको सप्तरीमा मञ्जु यादव, सिरहामा सन्तोष चौधरी, धनुषामा हरेश प्रसाद महतो, महोत्तरीमा उषा राउत, सर्लाहीमा सपुत कार्की, रौतहटमा मो. मोख्तार अहमद, बारामा रमेशकुमार निरौला र पर्सामा सुरेन्द्र न्यौपानेलाई केन्द्रीय प्रतिनिधि तोकिएको छ।



मधेशका आठ वटै जिल्लामा प्रतिनिधि तोकिएसँगै वडा तहदेखि जिल्ला तहसम्मका अधिवेशनसम्बन्धी गतिविधि अघि बढाउने बाटो खुलेको देउवा समूहका नेताहरूले बताएका छन् । प्रतिनिधिहरूले सम्बन्धित जिल्लामा पुगेर अधिवेशनको तयारी, संगठन परिचालन तथा स्थानीय तहका कांग्रेस कार्यकर्तासँग समन्वय गर्ने अपेक्षा गरिएको छ।

देउवा समूहले कोशी प्रदेशका ताप्लेजुङमा प्रताप प्रकाश हंगाम, पाँचथरमा सूर्यकुमार दाहाल, इलाममा सुजाता परियार, झापामा कृष्ण हुमागाईं, संखुवासभामा दीपक खड्का, तेह्रथुममा केशव ढुंगाना, भोजपुरमा उत्तम चापागाईं, धनकुटामा कमोट फागु, मोरङमा केदार कार्की, सुनसरीमा लक्ष्मी खतिवडा, सोलुखुम्बुमा सुभराम बस्नेत, खोटाङमा सरस्वती बजीमय, ओखलढुंगामा गोमा केसी र उदयपुरमा नारायणबहादुर कार्कीलाई प्रतिनिधि तोकेको छ।

त्यस्तै बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लामा पनि प्रतिनिधि खटाइएको छ। कर्णालीको रुकुम पश्चिममा भने प्रतिनिधि तोकिएको छैन।

देउवा समूहका नेता दीपक खड्काका अनुसार जिल्लागत प्रतिनिधि तोक्ने कामसँगै निर्धारित कार्यतालिकाअनुसार अधिवेशनको तयारी अघि बढाइनेछ। समूहले समानान्तर रूपमा महाधिवेशन गर्ने तयारी गरेपछि नेपाली कांग्रेसभित्रको संगठनात्मक विवाद र शक्ति संघर्ष थप सतहमा आएको छ । आगामी असोज १५ देखि शुरु हुने भनिएको वडा अधिवेशन र मंसिरमा प्रस्तावित केन्द्रीय महाधिवेशनले पार्टीभित्रको समानान्तर संगठन निर्माणको प्रक्रियालाई थप स्पष्ट पार्ने देखिन्छ।

# कांग्रेसको १५औं महाधिवेशनको लोगोमा बीपीदेखि देउवासम्म

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसले १५ औं महाधिवेशनको लोगो सार्वजनिक गरेको छ । काठमाण्डुमा बिहीबार सार्वजनिक गरिएको लोगोमा संस्थापक नेता तथा नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद (बीपी)कोइरालादेखि निवर्तमान सभापति शेरबहादुर देउवासम्मको तस्बिर राखिएको छ।

सो लोगोमा राखिएको १५ को १ मा पार्टीका नेताहरूको तस्बिर राखिएको छ।

सो तस्बिरमा विश्वेश्वरप्रसादकोइराला, सुवर्ण शमशेर जबरा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाको तस्बिरसमेत राखिएको छ।

त्यस्तै १ मा चन्द्र र सूर्य पनि राखिएको छ । कांग्रेसले १५ औं महाधिवेशनको मूल नारा गौरव, गति र गन्तव्य समेत राखेको छ।




कांग्रेसले स्लोगनका रूपमा परम्पराको सम्मान, परिवर्तनको संकल्प, समुन्नत नेपालको लागि सबल कांग्रेस अबको विकल्प राखेको जनाएको छ । कांग्रेसको महाधिवेशन यही असोज १६ देखि १९ गतेसम्म हुने भएकोछ।

## वन तथा वातावरणको बजेट कार्यान्वयन कार्यविधि स्वीकृत

# १० लाखभन्दा कमको योजनादेखि गोष्ठी महोत्सव जस्ता कार्यक्रममा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्रालयले "वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३'' लागू गरेको छ।



मन्त्रालय र मातहतका प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा वन अनुसन्धान एवं प्रशिक्षण केन्द्रमार्फत सञ्चालन हुने सम्पूर्ण योजनाहरूलाई व्यवस्थित बनाउन यो कार्यविधि ल्याइएको मन्त्रालयले जनाएको छ।

नयाँ कार्यविधिले मधेश प्रदेशको भौगोलिक संवेदनशील क्षेत्र चुरेको संरक्षणलाई विशेष प्राथमिकतामा राखेको छ। बाढी तथा पहिरो जोखिमयुक्त चुरे क्षेत्रको अध्ययन, चुरे संवाद महोत्सव र एकीकृत जलाधार संरक्षणका कार्यक्रमहरू यसै कार्यविधि अनुसार सञ्चालन हुनेछन्।

त्यसैगरी, प्रदेशभरि हरियाली प्रवर्द्धन गर्न "एक नागरिक, कम्तीमा १ बिरुवा" कार्यक्रम मार्फत निःशुल्क बिरुवा वितरण र हुर्काउने अभियान सञ्चालन गरिनेछ भने निर्माण सम्बन्धी संरचनाहरूमा जैविक तथा वातावरणमैत्री सामग्रीको प्रयोगलाई अनिवार्य गरिएको छ।

वन क्षेत्रको चुस्त व्यवस्थापनका लागि प्रविधिको प्रयोगमा जोड दिइएको छ । कर्मचारीहरूलाई भौगोलिक सूचना प्रणाली (जीआईएस) तथा जीपीएस प्रविधिको तालिम दिइनुका साथै रैपिड रेस्पोन्स टीम (आरआरटी) मार्फत वन अतिक्रमण र डढेलो नियन्त्रण कार्यलाई थप कडा बनाइने कार्यविधिमा भनिएको छ।

शहरी तथा ग्रामीण क्षेत्रमा वातावरणीय सौन्दर्यीकरणका लागि 'हरित पार्क तथा हरित पेटीको स्थापना गरिनेछ भने कार्यविधिले वन तथा वातावरण क्षेत्रमा गरिने भौतिक पूर्वाधार निर्माणलाई पूर्णतः 'वातावरणमैत्री' बनाउने नीति उद्देश्यले निर्माण कार्य गर्दा सिमेन्ट, कङ्क्रिट र फलामको प्रयोग नगरी काठ, ढुङ्गा, माटो र खर/बाँसको प्रयोगलाई प्राथमिकतामा राखेको छ।

प्रदेश सरकारले एक करोडभन्दा कमको योजना कार्यदलतको १० बुँदे सम्झदारी अन्तर्गत कार्यान्वयन नगरिने प्रदेश सभाबाट प्रतिवेदन पारित भइसकेको अवस्थामा मन्त्रालयले कार्यविधिमा १० लाख रुपैयाभन्दा कमका योजना पनि संचालन गर्न सकिने संकेत गरिएको छ।

### कार्यविधिका नितीगत छिद्रहरू

मधेश प्रदेश सरकारको "वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" सुन्दा आकर्षक र विकासप्रेमी देखिए पनि यसभित्र रहेका नीतिगत छिद्र र फितलो कार्यान्वयन ढाँचाले भ्रष्टाचार र बजेट दुरुपयोगलाई मलजल गर्ने खतरा देखिएको छ।

अर्थमन्त्रालयले ७ अर्ब बजेट घाटा भएको भन्दै तालिम, गोष्ठी, प्रचार प्रसार, गाडी खरीद लगायतका योजनाहरु रोक लगाएको अवस्थामा यी कार्यक्रमहरुमा बढी दिइएको छ। कार्यविधिमा वन तथा वातावरण मन्त्रालय बारे स्थानीय सञ्चार माध्यमलाई बेवास्ता गर्दै रेडियो नेपालबाट सूचना प्रचार प्रसार तथा डकुमेन्ट्र लगायतका कार्यक्रम प्रसारण गर्ने भनिएको छ।

मधेश प्रदेशको वातावरणीय सुरक्षाको मुख्य मेरुदण्ड मानिने चुरे क्षेत्रको संरक्षणलाई नयाँ कार्यविधिले उच्च प्राथमिकतामा राखेको छ । चुरे संरक्षण जस्तो संवेदनशील विषयमा गोष्ठी, कार्यशाला, महोत्सव र अध्ययनका नाममा करोडौँ बजेट सक्ने तर नतिजामा कुनै परिवर्तन नआउने 'अमूर्त' कार्यक्रमहरू राखिएका छन्।

गम्भीर भू-क्षय रोक्न, अनियन्त्रित दोहन थाम्न र चुरेको बालुवा-गिट्टी तस्करी नियन्त्रण गर्ने कडा रणनीतिक कदम र कानुनी अड्चन फुकाउने योजना नराखी करोडौ रुपैयाको भ्र्वाम पार्न सक्ने गोष्ठी र अध्ययन जस्ता कार्यक्रममा बढी जोड कार्यविधिमा दिइएको छ।

प्रदेशभरिका सर्वसाधारण, विद्यालय, सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूलाई निःशुल्क रूपमा बहुवर्षीय, फलफूल तथा काष्ठ प्रजातिका बिरुवाहरू वितरण गरिनेछ। डिभिजन वन कार्यालय अन्तर्गतका हाइटेक र परम्परागत नर्सरीहरूको स्तरोन्नति गरिनेछ।

विगतमा उपभोक्ता समितिमार्फत भएको तटबन्ध, वृक्षरोपण र पोखरी निर्माणका नाममा उपभोक्ता समितिमार्फत फर्जी बिल-भर्पाई बनाएर बजेट सक्ने पुरानै धन्दा दोहोरिने जोखिम बढी रहेको देखिन्छ।

यस्तै मधेश प्रदेशको वातावरणीय सुरक्षाको मेरुदण्ड चुरे क्षेत्र हो। कार्यविधिमा चुरे संरक्षणका लागि "स्थलगत अध्ययन", "चुरे संवाद महोत्सव" र "प्रवर्द्धनात्मक कार्य" गर्ने उल्लेख छ।

कार्यविधिले रु. १० लाख वा सोभन्दा बढी लागतका निर्माण कार्यमा मात्र अनिवार्य रूपमा 'होर्डिङ बोर्ड' राख्नुपर्ने व्यवस्था गरेको छ। वन तथा जलाधार मन्त्रालय अन्तर्गतका अधिकांश साना आयोजनाहरू (नर्सरी सुधार, मर्मत, साना ग्याबियन, वृक्षरोपण) रु. २ लाखदेखि ९ लाखसम्मका टुक्रा योजना हुने गर्छन्। १० लाखभन्दा मुनिका टुक्रे योजनामा होर्डिङ बोर्ड र सार्वजनिक सूचना नगर्दा साना आयोजनाहरूमा भ्रष्टाचार र अनियमितता झनै संस्थागत हुने देखिन्छ।

हरियाली प्रवर्द्धनका लागि "एक नागरिक, कम्तीमा १ बिरुवा" अभियान चलाउने र लाखौं बिरुवा निःशुल्क वितरण गर्ने भनिएको छ। हरेक वर्ष लाखौं बिरुवा रोपेको तथ्यांक मन्त्रालयको कागजातमा देखाइए पनि तीमध्ये कति बिरुवा हुर्किए भन्ने 'सर्भाइभल रेट' मापन गर्ने र जवाफदेही बनाउने कुनै प्राविधिक संयन्त्र तोकिएको छैन । बिरुवा बाड्ने र बजेट निकासा लिने, तर बिरुवा सुकेर गएपछि कसैले जिम्मेवारी लिनु नपर्ने परिपाटीलाई यस कार्यविधिले पुनरावृत्ति गरेको छ।



## खोरेतको खोप गोठगोठमै खोप



झापा । गाईभैँसीमा खोरेतको सङ्क्रमण बढेसँगै जिल्लाका १५ वटै पालिकाका किसानले पालेका चौपायका गोठमै पुगी खोप लगाउने अभियान सुरु गरिएको छ ।

मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा असोज १ गतेदेखिनै खोप लगाउन सुरु गरियो । सोबाहेकका १३ वटा पालिकामा बिहीबारदेखि खोप लगाइँदैछ । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र झापाकी प्रमुख शीतल भट्टराईले खोप लगाउने अभियानअन्तर्गत जिल्लाका एक लाख ९० हजार गाईभैँसीलाई खोरेतविरुद्धको खोप लगाउने लक्ष्य लिइएको बताउनुभयो । उहाँले कनकाई, कचनकबल, हल्दिबारी र मेचीनगरमा छ हजार ८४८ गाईभैँसीलाई खोप लगाइसकिएको जानकारी दिनुभयो । खोप अभियानअन्तर्गत फार्म र गोठमै पुगेर खोप लगाउन १५ वटै पालिकामा १२१ जना दक्ष प्राविधिक परिचालन गरिएको छ ।

असोज १५ गतेसम्ममा सबै १५ वटै पालिकाका ८० प्रतिशत गाईभैँसीलाई खोप लगाइसक्ने योजना बनाइएको उहाँले बताउनुभयो । खोप अभियानका लागि कोशी प्रदेश सरकारबाट खोप र त्यसका लागि आवश्यक सामानग्री पालिकाहरूलाई उपलब्ध गराइएको छ । रासस

# 'फोहरमैला व्यवस्थापन विधेयक, २०८३ माथि विचार गरियोस्' प्रस्ताव स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकबाट 'फोहरमैला व्यवस्थापन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले ' फोहरमैला व्यवस्थापन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । सैद्धान्तिक छलफलका क्रममा सांसदहरुले उठाएका विषयको उत्तर दिँदै मन्त्री लम्सालले दुई तरिकाले फोहर व्यवस्थापनको अवधारणा विधेयकमा रहेको बताउनुभयो । सेवाको आधार र सार्वजनिक निजी साझेदारी गरी दुई तरिकाले गर्न खोजेको उहाँको भनाइ थियो । यो ऐन लागू भएपछि घरमै फोहरको वर्गीकरण गर्ने व्यवस्था रहेको मन्त्री लम्सालले बताउनुभयो ।

जग्गा स्थानीय तहले व्यवस्थापन गर्ने, प्रदेश र केन्द्र सरकारले पूर्वाधार निर्माण गर्ने व्यवस्था विधेयकमा रहेको उहाँले बताउनुभयो । हरेक पालिकाले ५० र पाँच रोपनी गरी दुई किसिमको जग्गा व्यवस्थापन गर्नुपर्ने व्यवस्था पनि विधेयकमा गरिएको छ । वर्गीकरण गरेपछि ९५ प्रतिशत फोहर व्यवस्थापन ल्याण्डफिल साइट जानुअघि नै भइसक्ने गरी व्यवस्था गरिएको मन्त्री लम्सालले बताउनुभयो ।



सांसदहरु गङ्गालक्ष्मी अवाले, अशोककुमार चौधरी, बलावती शर्मा, भरत गिरी, सुशीला ढकाल आचार्य, धनञ्जय रेग्मी, माधवबहादुर खड्का, श्रीराम न्यौपाने, आशीष गजुरेल, शोभा खनाल, खुस्बु ओली, प्रकाशचन्द्र परियार, धर्मराज केसी, सुशील खड्का, नीतिमा भण्डारी (कार्की), अमृता विक, आफ्सना काबु बानु, मञ्जु भुसाल, गणेश कार्की, गोपाल शर्मा, जनकसिंह धामी, मोहनलाल आचार्य, परशुराम तामाङ, प्रदीप विष्ट, गजाला समीम मिकरानी, भरतप्रसाद पराजुली, सरस्वती लामा, ठाकुरसिंह थारु, अम्बिकादेवी सङ्ग्रौला, तोसिमा कार्की, पार्वती विक, यज्ञमणि न्यौपाने, हरिमोहन भण्डारी, पुकार बम, एशुदाकुमारी बराल, कमल सुवेदी, राधिका रम्तेल, नीनुकुमारी कर्ण, ज्ञानु पौड्याल, समीक्षा बास्कोटा, ओजश्वी शेरचन, आसिका तामाङ, एलिजा गुरुङ, प्रेमलाल चौधरी, रीमा विश्वकर्मा, गुरुप्रसाद बराल, हरिप्रसाद भुसाल, प्रेमबहादुर बयकलगायतल विधेयकका विषयमा विचार राख्नुभएको थियो ।

सांसदहरुले प्रस्तावनामै कार्वन उत्सर्जन घटाउने उल्लेख गरिएको, कुहिने र नकुहिने फोहरलाई छुट्ट्याउनुपर्ने, फोहर व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकारभित्रको काम भएकाले त्यसैअनुसार काम गरिनुपर्ने, फोहरलाई मोहर बनाउने सरकारले धेरै पहिले नीति अघि सारे पनि कार्यान्वयन हुन नसकेको उल्लेख गर्नुहुँदै अब पूर्णताः दिनुपर्नेमा जोड दिनुभएको थियो ।

फोहरलाई ग्याँस, मल आदिको स्रोतका रुपमा विकास गरी रोजगारी पनि सिर्जना गर्न सकिने सांसदहरुको भनाइ थियो । विगतमा फोहरलाई मोहर बनाउने प्रक्रिया सुरु भइसकेको दुई कम्पनीले आवेदन गरेकामा अहिले त्यो लगानी बोर्डको कार्यालयमा थन्किएकाले नयाँ कानुन बनेपछि कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

विधेयक चक्रीय अर्थतन्त्रको मेरुदण्ड भएको, फोहर व्यवस्थापनमा स्थानीय तहको जिम्मेवारी सुनिश्चित गरिएकाले महत्वपूर्ण रहेकामा उहाँहरुले जोड दिनुभएको थियो । फोहरमा काम गर्ने कर्मचारीको स्वास्थ्य सुरक्षाको पनि ग्यारेन्टी गर्न पनि सांसदहरुले सुझाव दिनुभएको छ । यो विधेयकले फोहरमैला ऐन, २०६८ लाई प्रतिस्थापन गर्नेछ । रासस

# ग्यास आपूर्ति सहज बनाउन 'क्रिटिकल पाथ' मा काम भइरहेको छः उद्योगमन्त्री साह

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले एलपी ग्यासको अभाव, पेट्रोलियम पदार्थको मूल्यवृद्धि र दैनिक उपभोग्य वस्तुको अस्वाभाविक मूल्य नियन्त्रणका लागि तत्कालीनदेखि दीर्घकालीन योजना अघि बढाइएको बताउनुभएको छ ।

राष्ट्रियसभामा सांसदहरूको प्रश्नको जवाफ दिँदै मन्त्री साहले ग्यास अभावको कारण पहिचान गर्न 'फिसबोन डायग्राम' प्रयोग गरिएको जानकारी दिनुभयो । उहाँले आयात निर्भरता, अन्तरराष्ट्रिय मूल्य, भण्डारण तथा रिफिलिङ, वितरणको असमानता, खाली सिलिन्डर फिर्तामा ढिलाइ, कालोबजारी तथा अन्तरनिकाय समन्वयको कमी प्रमुख कारण देखिएको बताउनुभयो ।

"आमनागरिकले एलपी ग्यास सिलिन्डरको अभावका कारण भोगिरहनुभएको कठिनाइप्रति सरकार निकै गम्भीर छ ।

सरकार ग्याससहितका समस्या समाधानमा निरन्तर लागिरहेको छ", उहाँले भन्नुभयो, "समस्याको पहिचान गर्न मन्त्रालयले प्राविधिक विश्लेषणको एक उपकरण फिसबोन डायग्राम प्रयोगमा ल्याएको छ ।"



कृष्णभिरको सडक आपूर्ति प्रक्रियाको 'क्रिटिकल पाथ' मा रहेकाले सडक विभागसँग समन्वय गरी काम अघि बढाइएको तथा भन्सार र यातायात व्यवस्थापनमा पनि सहजीकरण गरिएको उहाँको भनाइ छ ।

भदौमा आठ लाख ५७ हजार ८२१ सिलिन्डर ग्यास भित्रिएको, जुन अघिल्लो वर्षभन्दा २५.५६ प्रतिशत बढी भएको मन्त्री साहले जानकारी दिनुभयो । पेट्रोल, डिजेल र हवाई इन्धनको हाल अभाव नरहेको उहाँले बताउनुभयो ।

दीर्घकालीन रूपमा चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार, ग्रिनफिल्ड टर्मिनल निर्माण, भण्डारण क्षमता विस्तार, कर्णालीमा पेट्रोलियम भण्डारण र सर्लाहीमा एलपी ग्यासको भण्डारणका लागि पूर्वाधार निर्माण अघि बढाइने उहाँले बताउनुभयो ।

मन्त्री साहले चिनीको अधिकतम मूल्य रु ११० कायम गर्न निर्देशन दिइएको, चामललगायत दैनिक उपभोग्य वस्तुको मूल्य १० देखि १५ प्रतिशत घटाउन व्यवसायीलाई निर्देशन दिइएको र भारतबाट २५ हजार मेट्रिक टन चिनी आयात गरिएको जानकारी दिनुभयो ।

बजार अनुगमनलाई प्रभावकारी बनाउन प्राविधिक जनशक्ति थप गर्ने प्रक्रिया अघि बढेको तथा उपभोक्ता अदालत विस्तार गर्न सरकार सकारात्मक रहेको उहाँले बताउनुभयो । रासस

# सात प्रदेशका २७ स्थानमा खेलकुद पूर्वाधार निर्माण गरिने

काठमाण्डु । सरकारले सातै प्रदेशका २७ स्थानमा नयाँ खेलकुद पूर्वाधार निर्माण गर्ने भएको छ । खेलकुद पूर्वाधार सुदृढीकरण तथा नयाँ निर्माणका लागि शिक्षा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् (राखेप) र सहरी विकास तथा भवन निर्माण विभागबीच समझदारी भएको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा बिहीबार मन्त्रालयमा आयोजित कार्यक्रममा राखेप र सहरी विकास तथा भवन निर्माण विभागबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारीअनुसार पहिलो चरणमा सातै प्रदेशमा क्रिकेट रङ्गशाला, फुटबल रङ्गशाला र कभर्ड हललाई प्राथमिकतामा राखेर खेलकुद पूर्वाधार निर्माण गरिने मन्त्री पोखरेलले बताउनुभयो ।

"सरकारले पहिलेदेखि देखेको ग्रासरुटबाट खेलाडी उत्पादन गर्ने सपनामा हामी एक कदम अगाडि बढेका छौँ," मन्त्री पोखरेलले भन्नुभयो । विद्यालय तहबाटै खेलकुदप्रति आकर्षण बढाउन नयाँ पूर्वाधार निर्माणले सहयोग पुग्ने उहाँको विश्वास छ ।

मन्त्री पोखरेलले पाठ्यक्रममा खेलकुदलाई जोड्ने सरकारको योजनाअनुसारपाठ्यक्रमपुनर्निर्माणको काम भइरहेको र त्यसका लागि



खेलाडीलाई समेत पाठ्यक्रम निर्माण कार्यदलमा सहभागी गराइएको जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न प्रदेश तथा जिल्लामा पर्याप्त खेलकुद पूर्वाधारको अभाव रहेकाले ग्रासरुट तहबाट खेलाडी उत्पादनमा समस्या हुँदै आएको छ ।

सोही अवस्थालाई सम्बोधन गर्न पहिलो चरणमा सातै प्रदेशमा विभिन्न खेल सञ्चालन गर्न सकिने गरी पूर्वाधार निर्माण गर्न लागिएको हो ।

राखेपका सदस्यसचिव रामचरित्र मेहताले नयाँ तथा अत्याधुनिक खेलकुद पूर्वाधार निर्माण गर्ने लक्ष्यसहित भएको साझेदारीले नेपालको खेल क्षेत्रको विकासमा योगदान पुग्ने बताउनुभयो । सरकारले चालु आर्थिक वर्षको बजेटमा नयाँ खेलकुद पूर्वाधार निर्माणका साथै विद्यमान पूर्वाधारको मर्मत, सम्भार, पुनर्निर्माण, स्तरोन्नति तथा सुदृढीकरणलाई प्राथमिकता दिएको छ ।

बजेटअनुसार आगामी तीन वर्षभित्र कम्तीमा आठ हजार दर्शक क्षमताका १० फुटबल रङ्गशालाको स्तरोन्नति गर्ने तथा प्रमुख आठ सहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रङ्गशाला निर्माण गर्ने लक्ष्य छ ।

त्यस्तै विराटनगर, लहान, काठमाण्डु, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा कम्तीमा दुई हजार दर्शक क्षमताका इन्डोर मल्टिपर्पोज स्टेडियम आगामी तीन वर्षभित्र निर्माण गर्ने योजना छ । मूलपानी क्रिकेट रङ्गशाला निर्माणका लागि डिजाइन पुनरावलोकन गरी लगानी मोडालिटी तय गर्ने विषयसमेत बजेटमा समेटिएको छ । सरकारले खेलकुद पूर्वाधारलाई युवा विकास र स्थानीय अर्थतन्त्रसँग जोड्ने नीति लिएको जनाएको छ । रासस

# बाढी प्रभावित क्षेत्रमा आपत्कालीन उपचार कार्य अघि बढाइएको छः मन्त्री मेहता

काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले गत महिना गएको भोटेकोशी प्रलयकारी बाढीपछि मन्त्रालयले आपत्कालीन उपचार तथा प्रतिकार्यका विभिन्न क्रियाकलाप गर्नाका साथै बहुपक्षीय तयारी र कार्यहरू पनि अघि बढाएको बताउनुभएको छ ।

राष्ट्रिय सभामा आज मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिँदै उहाँले घाइतेहरूको उपचार तथा दुर्गम र सडक सम्पर्कविच्छेद भएका क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउनेतर्फ मन्त्रालयले तत्कालै आवश्यक व्यवस्था मिलाएको बताउनुभयो । बाढीका कारण प्रभावित स्वास्थ्य संस्थाहरूको सेवा अवरुद्ध हुन नदिन आपत्कालीन स्वास्थ्य टेन्ट तथा वैकल्पिक संरचनामार्फत सेवा निरन्तरता दिइएको उहाँले जानकारी दिनुभयो ।

"घाइते तथा बिरामीको तत्काल उपचार र उद्धारका लागि केन्द्रीय तथा प्रादेशिकस्तरका आकस्मिक चिकित्सकीय टोली परिचालन गरिएका छन् । सडक सम्पर्कविच्छेद भएका तथा दुर्गम बस्तीमा चिकित्सक, स्वास्थ्यकर्मी र अत्यावश्यक औषधि पुऱ्याउन घुम्ती स्वास्थ्य टोली खटाइएको छ भने यातायात अवरुद्ध भएका क्षेत्रमा हेलिकप्टरमार्फत औषधि, शल्यक्रिया सामग्री तथा आवश्यक उपकरण आपूर्ति गरिएको छ ।



स्थानीय प्रशासनसँगको समन्वयमा गम्भीर घाइते तथा बिरामीलाई हेलिकप्टरमार्फत काठमाडौँ ल्याई उपचार व्यवस्थापन गरिएको छ," मन्त्री मेहताले भन्नुभयो ।

जोखिममा रहेका गर्भवती तथा सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सुरक्षालाई मन्त्रालयले विशेष प्राथमिकतामा राखेको जानकारी गराउँदै उहाँले भन्नुभयो, "बाढी प्रभावित क्षेत्रमा गर्भवती तथा सुत्केरीको नियमित स्वास्थ्य परीक्षण, जटिल अवस्थाका बिरामीलाई तत्काल रेफर तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।"

मन्त्री मेहताले थप परिचालित विशेषज्ञ टोलीले मातृ तथा नवजात शिशु, बालबालिका र प्रजनन स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गरेका र दीर्घरोगी तथा ज्येष्ठ नागरिकको नियमित उपचार र औषधि सेवनमा अवरोध नहोस् भन्ने उद्देश्यले प्रभावित क्षेत्रमा नसर्ने रोगका औषधि निःशुल्क उपलब्ध गराइएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "क्षयरोग तथा एचआइभी सङ्क्रमित सेवाग्राहीको उपचारमा पनि निरन्तरता कायम गरिएको छ । बाढी प्रभावित तीनवटै जिल्लासँग समन्वय गरी प्रदेश आपूर्ति केन्द्र तथा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमार्फत क्षयरोगका बिरामीका लागि आवश्यक औषधि आपूर्ति गरिएको छ ।"

मिर्गौला रोगीको नियमित हेमोडायलाइसिस सेवा अवरुद्ध हुन नदिन पनि मन्त्रालयले विशेष समन्वय गरिरहेको अवगत गराउँदै मन्त्री मेहताले नुवाकोटको त्रिशूली अस्पतालमा विपन्न नागरिक औषधि उपचार सेवा कार्यक्रमअन्तर्गत सूचीकृत २३ मिर्गौला रोगीमध्ये २० जनाले नियमित रूपमा त्रिशूली अस्पतालबाट हेमोडायलाइसिस सेवा लिइरहेका बताउनुभयो ।

बाढीबाट सिर्जित त्रास, तनाव तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्यालाई सम्बोधन गर्न प्रभावित क्षेत्रमा मनोसामाजिक प्राथमिक उपचार, मनोपरामर्श तथा मानसिक स्वास्थ्य सेवा पनि प्राथमिकताका साथ सञ्चालन गरिएको मन्त्री मेहताले बताउनुभयो । "हाल करिब ९० जना मनोसामाजिक स्वास्थ्यकर्मी प्रभावित क्षेत्रमा परिचालित छन् र हालसम्म प्रभावित तथा जोखिममा रहेका व्यक्तिलाई १२ हजार ९६९ पटक मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ," उहाँले भन्नुभयो ।

मन्त्री मेहताले बाढी प्रभावित अपाङ्गता भएका व्यक्तिहरूको सहजताका लागि सहायता कक्ष स्थापना गरी २२० भन्दा बढी सहायक उपकरण वितरण गरिएको जानकारी गराउनुभयो । त्यस्तै, महामारी तथा सङ्क्रामक रोगको जोखिम नियन्त्रणका लागि बाढी प्रभावित क्षेत्रमा निगरानी र रोकथामका कामलाई तीव्रता दिइएको उहाँले बताउनुभयो ।

"इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत दैनिक रोग निगरानी भइरहेको छ । पानीजन्य रोगको जोखिम न्यूनीकरणका लागि पियुष तथा क्लोरिन ट्याब्लेट वितरण गर्नाका साथै प्रभावित क्षेत्रमा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिएको छ," मन्त्री मेहताले भन्नुभयो ।

नियमित खोप तथा पोषण सेवाको निरन्तरतासमेत सुनिश्चित गरिएको बताउँदै उहाँले प्रभावित जिल्लामा नियमित खोप कार्यक्रम तालिकाअनुसार सञ्चालन भइरहेको जानकारी दिनुभयो । साथै मन्त्री मेहताले प्रत्येक होल्डिङ सेन्टरमा स्वास्थ्यसम्बन्धी समस्या पहिचान, प्राथमिक उपचार तथा आवश्यक स्वास्थ्य सेवा र औषधिको निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मी खटाइएको जानकारी दिनुभयो । रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सामान्य भए पनि ठुलो खाँचो टर्नेछ । |
| वृष : | महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| मिथुन : | परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ । |
| कर्कट : | मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ । |
| सिंह : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ । |
| कन्या : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ । |
| तुला : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ । |
| वृश्चिक : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ । |
| धनु : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| मकर : | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । |
| कुम्भ: | बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ। |
| मीन: | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# क्याम्पस बारे भ्रामक सूचना प्रचार भएको दाबी



**टुडे समाचारदाता**

जनकपुरधाम । त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको जनकपुरधामस्थितरामस्वरुपरामसागर बहुमुखी क्याम्पस जनकपुरधामसँग विद्यार्थीहरुले खर्च हिसाब पारदर्शी गर्न माग गरेको कुरा सामाजिक सञ्जालमा भाइरल भएपछि क्याम्पस प्रशासनले सम्बन्धित विषयमा तथ्यहीन तथा भ्रामक सूचना प्रचार भइरहेको दाबी गरेको छ।

क्याम्पस प्रशासनले जारी गरेको ध्यानाकर्षणपत्र मार्फत केही पूर्वविद्यार्थी नेताहरूले क्याम्पसको प्रशासनिक तथा आर्थिक विषयलाई बंग्याएर प्रचार गरेको जनाएको छ।

क्याम्पसका अनुसार प्रशासनिक भवन निर्माणका क्रममा ठेकेदारले आयकर कट्टीसम्बन्धी कागजातका लागि आन्तरिक राजस्व कार्यालय जनकपुरधाममा सम्पर्क गर्दा क्याम्पसको लेखा शाखाबाट हस्ताक्षरित पत्रका आधारमा कागजात माग गरिएको थियो। त्यस क्रममा क्याम्पसको टीडीएससम्बन्धी वर्षभरिका विवरणसमेत ठेकेदारलाई उपलब्धगराइएकोक्याम्पसप्रशासनको दाबी छ।

उक्त कागजात विभिन्न व्यक्तिमार्फत सार्वजनिक स्थानमा देखाउने तथा अन्य व्यक्तिलाई उपलब्ध गराउने काम भएको भन्दै क्याम्पस प्रशासनले त्यसबाट परीक्षा, पठनपाठन, नयाँ विद्यार्थी भर्ना तथा परीक्षा फारम भर्ने कार्य प्रभावित पार्ने प्रयास भएको जनाएको छ।

क्याम्पस प्रशासनले विगतमा विद्यार्थी भर्ना तथा परीक्षासम्बन्धी गतिविधिमा अनियमित आर्थिक लाभ लिँदै आएका भनिएका केही व्यक्तिले हाल भइरहेको प्रशासनिक सुधारबाट असन्तुष्ट भएर क्याम्पस प्रशासन र क्याम्पस प्रमुखविरुद्ध प्रचार गरिरहेको आरोपसमेत लगाएको छ।

त्यस्तै, 'आरती किराना एण्ड कस्टमेटिक्स'को पानबाट सञ्चालन भइरहेको आरती ट्राभलर्स एण्ड टुर्ससँग क्याम्पसले प्रक्रिया पूरा गरी शैक्षिक तथा औद्योगिक भ्रमणका लागि यातायात सेवा लिएको प्रशासनले स्पष्ट पारेको छ।

एउटै पान नम्बरअन्तर्गत रहेको व्यवसायसँग भएको कारोबारलाई बंग्याएर चामल खरिद तथा ब्युटिपार्लर प्रयोग गरेको जस्ता भ्रामक प्रचार गरिएको क्याम्पसको भनाइ छ।

क्याम्पसले 'पटेल अण्डा स्टोर्स'को पानअन्तर्गत सञ्चालनमा रहेको पटेल होटलसँग पनि अतिथि सत्कार तथा विभिन्न कार्यक्रमका क्रममा खाना खाजाको कारोबार हुने गरेको जनाएको छ। उक्त कारोबारलाई अण्डा खरिदको बिलका रूपमा प्रचार गरिएको प्रशासनको दावी छ।

बहुमुखी क्याम्पस भएकाले प्रयोगात्मक, वार्षिक तथा सेमेस्टर परीक्षा, प्रवेश परीक्षा, बाह्य परीक्षक तथा पर्यवेक्षकको भ्रमण, लेखापरीक्षण, त्रिभुवन विश्वविद्यालयका पदाधिकारीको भ्रमण, विभिन्न छानबिन समिति तथा अनुगमन टोलीको भ्रमणलगायतका क्रममा अतिथि सत्कार, खाना र आवासमा खर्च हुने गरेको क्याम्पसले जनाएको छ।

त्यसैगरी विद्यार्थी स्वागत तथा बिदाइ, बैठक, सभा, सम्मेलन, सेमिनार, गोष्ठी, कार्यशाला, शिक्षक-कर्मचारी अभिमुखीकरण र खेलकुदलगायतका कार्यक्रमका लागि चिया तथा खाजामा खर्च हुने गरेको क्याम्पस प्रशासनले स्पष्ट पारेको छ।

क्याम्पसले पछिल्लो समय एलएलबी कार्यक्रम सञ्चालनमा ल्याउनुका साथै भौतिक पूर्वाधार विस्तारका दुई ठूला योजना निर्माणाधीन रहेको जनाएको छ। प्रयोगशाला तथा अध्ययन अध्यापनमा सुधार, तीव्र गतिको इन्टरनेट विस्तार र सीसीटीभी निगरानीलगायतका काम भइरहेको प्रशासनको भनाइ छ।

स्ववियू सभापति मनिष यादवको नेतृत्वमा विद्यार्थीहरुले क्याम्पस प्रशासनसँग खर्च हिसाब माग गर्दै आन्दोलनरत रहेका छन्। उनीहरुले क्याम्पसको आम्दानी रकमबाट क्याम्पस प्रमुख तथा कर्मचारीहरुले होटलमा खाना तथा खाजा खाने गरेको र व्यक्ति काममा प्रयोग गर्दै आएको आरोप लगाइरहेका छन्।

# उच्च सतर्कता अपनाउन पालिकाहरुलाई महोत्तरी प्रशासनको निर्देशन

**टुडे समाचारदाता**

जलेश्वर । भारी वर्षाको पूर्वानुमानसँगै महोत्तरीमा बाढी, डुबान र नदी कटानको जोखिमलाई मध्यनजर गर्दै स्थानीय तहहरूलाई उच्च सतर्कता अपनाउन प्रशासनले निर्देशन दिइएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका सबै स्थानीय तहलाई पत्राचार गर्दै उद्धार टोलीदेखि राहत सामग्री र हेभी उपकरणसम्म तयारी अवस्थामा राख्न निर्देशन दिएको हो।



जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनलाई आधार बनाउँदै जिल्ला प्रशासन कार्यालयले असोज ९ गतेदेखि ११ गतेसम्म देशका अधिकांश भू-भागमा मेघगर्जन र हावाहुरीसहित भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमान रहेको जनाएको छ।

यसको प्रत्यक्ष प्रभाव महोत्तरीमा समेत पर्न सक्ने भन्दै प्रशासनले सम्भावित विपद् रोकथाम तथा प्रतिकार्यका लागि तत्काल आवश्यक तयारी गर्न स्थानीय तहहरूलाई आग्रह गरेको हो। प्रशासनका अनुसार वर्षाका कारण जिल्लाका रातु, रौँके, बडहरी, जंघा, मरोहालगायत नदी तथा खोलामा पानीको बहाव आकस्मिक रूपमा बढ्न सक्ने जोखिम छ।

नदीको बहाव बढेसँगै कटान तथा सहरी र ग्रामीण क्षेत्र डुबानमा पर्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै जोखिमयुक्त बस्तीको पहिचान गरी पूर्वतयारी गर्न भनिएको छ।

जिल्ला प्रशासनले नदी, खोला तथा डुबानको जोखिममा रहेका तटीय र संवेदनशील बस्तीमा तत्काल माइकिङमार्फत सूचना प्रवाह गर्न निर्देशन दिएको छ। स्थानीय सञ्चारमाध्यमबाट समेत मौसम, बाढी तथा डुबानसम्बन्धी सूचना निरन्तर सम्प्रेषण गर्ने व्यवस्था मिलाउन प्रशासनले स्थानीय तहलाई आग्रह गरेको छ।

सम्भावित उद्धारका लागि लाइफ ज्याकेट, लाइफ ब्वाय, डोरी, रबर बोट वा डुंगा, बन्चरो, स्ट्रेचर, टर्चलाइटलगायत खोज तथा उद्धार सामग्री दुरुस्त अवस्थामा राख्न भनिएको छ। सडक तथा बाटोघाटो अवरुद्ध भए तत्काल खुलाउन आवश्यक पर्ने जेसीबी, एक्साभेटर, लोडरलगायत हेभी उपकरणलाई चौबीसै घण्टा परिचालन गर्न सकिने गरी 'स्ट्यान्डबाइ' राख्नसमेत निर्देशन दिइएको छ।

बाढी तथा डुबानबाट प्रभावित नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय तहले सम्भावित आश्रयस्थलसमेत पूर्वपहिचानगर्नुपर्नेछ।सामुदायिकभवन, विद्यालय तथा पक्की सार्वजनिक स्थललाई आवश्यकताअनुसार आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने गरी खानेपानी, सरसफाइ र विद्युत्को व्यवस्था मिलाउन प्रशासनले भनेको छ।

प्रभावित परिवारका लागि आवश्यक पर्ने चिउरा, दालमोठ, बिस्कुट, तयारी खाना, त्रिपाल र म्याट्रेसलगायत आकस्मिक राहत सामग्री अग्रिम रूपमा भण्डारण गर्नसमेत निर्देशन दिइएको छ।

यसैगरी स्थानीय विपद् व्यवस्थापन समिति तथा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउँदै जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक र स्थानीय युवालाई समेटेर द्रुत प्रतिकार्य टोली गठन तथा परिचालन गर्न भनिएको छ।

जिल्ला प्रशासन कार्यालयले यसअघि नै सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकायलाई समेत आवश्यक तयारी अवस्थामा राखेको जनाएको छ। सशस्त्र प्रहरीलाई उद्धार टोली तयारी अवस्थामा राख्न तथा नेपाल प्रहरीसँग आवश्यक समन्वय गर्न निर्देशन दिइएको छ।

# नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको आरोपमा मुद्दा



**टुडे समाचारदाता**

रौतहट । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवामा प्रवेश गरेको आरोपमा रौतहटका एक कर्मचारीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

मुद्दा दायर हुनेमा माधव नारायण नगरपालिका-नगरकार्यपालिकाको कार्यालयमा सामाजिक परिचालक (सहायक स्तर पाँचौं) पदमा कार्यरत कृष्ण नन्दन प्रसाद यादव रहेका छन्।

अख्तियारका अनुसार यादवले जिल्ला विकास समिति, रौतहटअन्तर्गत स्थानीय ट्रष्ट कोष समितिमा सामाजिक परिचालक पदमा नियुक्ति लिने क्रममा भारतको पटनास्थित ' बिहार इन्टरमिडिएट एजुकेसन काउन्सिल'बाट जारी भएको देखिने आईए तहको झुट्टा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेका थिए।

अनुसन्धानका क्रममा उक्त प्रमाणपत्र नक्कली रहेको खुलेपछि यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ। अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार यादवविरुद्ध साविक भ्रष्टाचार निवारण ऐन, २०१७ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र जरिवाना सजायको मागदाबीसहित विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो।

# गुठी तथा कुटीका बसोबासीहरुले आन्दोलन गर्ने




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकास्थित विभिन्न क्षेत्रमा कुट्टी तथा गुठीको जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारले आफूहरूलाई विस्थापित गर्न खोजिएको भन्दै विरोध प्रदर्शन गर्ने भएका छन्।

गुठी कुट्टी घर जग्गा व्यवस्थापन महासंघर्ष समितिको आयोजनामा शुक्रबार जनकपुरधाममा प्रदर्शन गर्ने निर्णय गरिएको बताइएको छ। समितिका अनुसार नगरका २५ वटै वडामा कुट्टी तथा गुठीको जग्गामा बसोबास गर्दै आएका सयौं परिवार पछिल्लो सरकारी प्रक्रिया र नीतिका कारण प्रभावित हुने अवस्थामा छन्।

समितिले पुस्तौंदेखि बसोबास गर्दै आएका परिवारलाई जग्गाबाट हटाउने वा उठीबास गराउने प्रक्रिया तत्काल रोक्न माग गर्नुका साथै कुट्टीको जग्गामा बसोबास गर्दै आएका परिवारलाई रैतान नम्बरी कायम गरी स्वामित्वको अधिकार दिनुपर्ने माग अघि सारेको छ।

निर्धारित कार्यक्रमअनुसार प्रदर्शनकारीले जनकपुरधाम नगर क्षेत्रमा विरोध प्रदर्शन तथा नगर परिक्रमा गर्ने र त्यसपछि जिल्ला प्रशासन कार्यालय धनुषामार्फत मुख्यमन्त्री तथा प्रधानमन्त्रीलाई सम्बोधन गरिएको ज्ञापनपत्र बुझाउने तयारी गरेका छन्।

समितिका अध्यक्ष सन्तोष साहले आफूहरू गुठीको जग्गामा नभई कुट्टीको जग्गामा बसोबास गर्दै आएको दाबी गरे। उनले लामो समयदेखि बसोबास गर्दै आएका परिवारलाई कानुनी प्रक्रिया देखाएर विस्थापित गर्न खोजिएको भन्दै असन्तुष्टि जनाए। समितिले आफ्ना माग तत्काल सम्बोधन नभए आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने चेतावनीसमेत दिएका छन्।

# खानेतेलमा भन्सार शुल्क कटौतीपछि नेपाली कम्पनीलाई असर

**टुडे समाचारदाता**

काठमाण्डू । खानेतेलको आयातमा लाग्ने भन्सार शुल्कमा भारत सरकारले भारी कटौती गरेसँगै त्यसको प्रत्यक्ष असर नेपाली खानेतेल उद्योगहरूमा पर्ने देखिएको छ।



भारतले पाम, सोयाबिन र सूर्यमुखीलगायतका कच्चा तथा प्रशोधित खानेतेलमा भन्सार महसुल घटाएपछि त्यहाँ खानेतेलको आयात लागत निकै कम हुने भएको छ, जसले गर्दा नेपाली उद्योगीहरूका लागि भारतीय उत्पादनसँग कडा प्रतिस्पर्धा गर्नुपर्ने ठूलो चुनौती थपिएको छ।

नयाँ नीति अनुसार भारतले कच्चा सोयाबिन र कच्चा पाम तेलको भन्सार शुल्क ५ प्रतिशतमा झारेको छ भने प्रशोधित तेलको शुल्क २७।५ प्रतिशत कायम गरेको छ। यस्तै, कच्चा सूर्यमुखी तेलको आयात शुल्क त पूर्ण रूपमा शून्यमा झारिएको छ भने प्रशोधित सूर्यमुखी तेलमा पनि कर घटेर २२.५ प्रतिशत पुगेको छ।

खुला सिमाना र नेपाल-भारतबीचको घनिष्ठ व्यापारिक सम्बन्धका कारण भारतीय बजारमा खानेतेल सस्तो हुँदा नेपालमा पनि त्यसको व्यापक प्रभाव पर्ने र यहाँका उद्योगीहरूलाई आफ्ना उत्पादनको मूल्य घटाएर बजार हिस्सा जोगाउनुपर्ने चर्को दबाब सिर्जना हुने निश्चित छ।

भारतले कच्चा पदार्थको आयातमा नै कर सहुलियत दिएपछि त्यहाँका उद्योगहरूले सस्तो लागतमा प्रशोधन गरी नेपालको बजारमा सजिलै सस्तो दरमा तेल पठाउन सक्नेछन्। यसअघि सन् २०२५ को सुरुआतमै पनि कर घटाएको भारतले अहिले पुनः दरमा भारी कटौती गरेपछि अन्तर्राष्ट्रिय बजारदेखि नेपाली घरेलु उद्योगसम्मै यसको हलचल देखिएको छ।

आम उपभोक्ताका लागि यो केही हदसम्म राहतको विषय बने पनि नेपालका ठूला खानेतेल उद्योगहरूका लागि भने आफ्नो उत्पादन लागत र बजारको अस्तित्व बचाउन निकै कठिन परिस्थिति उत्पन्न भएको छ।

# द्विपक्षीय व्यापारलाई थप सहज बनाउने बारे छलफल

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल-भारत सीमा सुरक्षा समन्वय समितिको बैठक भारतको रक्सौलस्थित एकीकृत भन्सार जाँचचौकी (आइसिपी) परिसरमा सम्पन्न भएको छ।

सम्पन्न बैठकमा नेपाल-भारत सीमा क्षेत्रमा हुने चोरी-तस्करी तथा अन्य अवैध गतिविधि नियन्त्रण, सीमापार अपराध न्यूनीकरण, वन तथा वातावरण संरक्षण र द्विपक्षीय व्यापारलाई थप सहज तथा व्यवस्थित बनाउने विषयमा छलफल भएको जनाइएको छ।

बैठकमा सहभागी एक प्रहरी अधिकारीका अनुसार सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा विशेष छलफल भएको थियो। सीमापार आपराधिक गतिविधि नियन्त्रणसँगै सीमा क्षेत्रमा हुन सक्ने विभिन्न प्रकारका गैरकानुनी गतिविधिमाथि निगरानी बढाउने विषयसमेत बैठकमा उठाइएको थियो। त्यस्तै, सीमा क्षेत्रको वन तथा वातावरण संरक्षण र नेपाल-भारतबीच हुने व्यापारिक गतिविधिलाई सहजीकरण गर्ने विषयलाई पनि बैठकले प्राथमिकतामा राखेको थियो। व्यापारिक आवागमनलाई सहज बनाउँदै सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने उपायबारे समेत छलफल भएको जनाइएको छ।

बैठकले दुवै देशका सुरक्षा तथा प्रशासनिक निकायबीच नियमित सूचना आदान-प्रदानलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ। सीमा क्षेत्रमा देखिने सुरक्षा चुनौती तथा अवैध गतिविधिबारे समयमै सूचना आदान-प्रदान गरी संयुक्त समन्वयमा नियन्त्रणका प्रयास अघि बढाउने विषयमा समेत सहमति भएको बताइएको छ।

बैठकमा नेपालतर्फ भारतसँग सीमा जोडिएका बारा र पर्सालगायत जिल्लाका प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा वन कार्यालयका प्रतिनिधिहरू सहभागी थिए। भारतका तर्फबाट पूर्वी चम्पारण र पश्चिमी चम्पारणका जिल्ला अधिकारी (डिएम), बिहार प्रहरीका दुवै जिल्लाका प्रमुख, सशस्त्र सीमा बल (एसएसबी)का कमान्डेन्ट तथा वन कार्यालयका उच्च अधिकारी एवं प्रतिनिधिहरू सहभागी थिए।

नेपाल-भारतबीच खुला सीमाका कारण हुने सुरक्षा चुनौती, अवैध ओसारपसार तथा सीमापार अपराध नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच नियमित समन्वय हुँदै आएको छ। रक्सौलमा सम्पन्न बैठकले सीमा सुरक्षा र व्यापार सहजीकरणका विषयमा दुई देशका स्थानीय प्रशासन तथा सुरक्षा निकायबीचको समन्वयलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

# ईभी र मोटरसाइकल ठोक्किदा एकको मृत्यु

**टुडे समाचारदाता**



रौतहट । ईभी गाडी र मोटरसाइकल पूर्व-पश्चिम राजमार्गअन्तर्गत रौतहटको धनसार-जंगलसहिया सडकखण्डमा एक आपसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार एकजना गम्भीर घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार मृत्यु हुनेमा फतुवा विजयपुर नगरपालिका-५, सन्तपुर दोस्तियाका २० वर्षीय सन्देश यादव रहेका छन्। घाइते हुनेमा कटहरिया नगरपालिका-८, बलुवा टोलका २० वर्षीय राजगीर यादव रहेका छन्।

प्रहरीका अनुसार गुजरा नगरपालिका-३ स्थित धनसार गेटबाट करिब एक किलोमिटर दक्षिण कल्भर्ट नजिक दुर्घटना भएको हो। निजगढतर्फबाट आउँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०५९५ नम्बरको ईभी र विपरीत दिशाबाट आउँदै गरेको बा ८५ प ४६२५ नम्बरको मोटरसाइकल ठोक्किएको थियो।

दुर्घटनामा मोटरसाइकल चालक सन्देशको हात, खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको थियो। मोटरसाइकलमा पछाडि सवार राजगीरको दाहिने हात, दुवै खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर रादेसकुमार खत्रीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले दुवै घाइतेलाई उद्धार गरी चन्द्रपुरस्थित शिविल अस्पताल पुर्‍याएको थियो।

उपचारका क्रममा साँझ करिब ७ बजे सन्देशको मृत्यु भएको प्रहरीले जनाएको छ। सन्देशको मृत्यु भएपछि राजगीरलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# टिमुरे बाढीमा ४४१ चालक-सहचालक र व्यवसायी सम्पर्कविहीन

काठमाण्डु । रसुवाको टिमुरेमा गत भदौ १० गते गएको बाढीले ३३८ ट्रक तथा कन्टेनर बगाएको विवरण सार्वजनिक भएको छ। नेपाल ट्रक यातायात व्यवसायी महासंघले यातायात व्यवस्था विभागलाई उपलब्ध गराएको विवरणअनुसार बाढीमा परी ती सवारीसाधनसँगै ४४१ चालक, सहचालक तथा व्यवसायीसमेत सम्पर्कविहीन भएका छन्।


भोटेकोशी बाढीबाट सार्वजनिक यातायात क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलन गर्ने क्रममा विभागले सरकारी तथा गैरसरकारी निकाय, निजी सङ्घसंस्था, सञ्चारमाध्यम, अनुसन्धानकर्ता तथा सरोकारवालासँग क्षतिको तथ्याङ्क माग गरेको थियो। विभागले यही असोज २ गते सूचना जारी गर्दै सात दिनभित्र क्षतिसम्बन्धी विवरण उपलब्ध गराउन आग्रह गरेको थियो।

विभागको उक्त आग्रहपछि नेपाल ट्रक यातायात व्यवसायी महासङ्घले यही असोज ५ गते विभागलाई प्रारम्भिक क्षतिको विवरण पठाएको हो। महासङ्घले विभिन्न सदस्य सङ्घ, समिति तथा कम्पनीबाट सङ्कलन गरेको विवरण विभागलाई उपलब्ध गराएको जनाएको छ।

महासङ्घका अध्यक्ष राजेन्द्र विक्रम बानियाँले गत भदौ १० गतेको बाढीका कारण टिमुरे क्षेत्रमा ठूलो क्षति हुँदा मालवाहक सवारीसाधन तथा त्यसमा संलग्न व्यक्तिहरू सम्पर्कविहीन भएको बताउनुभयो। उहाँले यातायात व्यवस्था विभागले क्षतिको यकिन विवरण सङ्कलन गर्न आग्रह गरेपछि महासङ्घले सदस्य संस्थाबाट प्राप्त विवरण सङ्कलन गरी पठाएको जानकारी दिनुभयो।

विवरणअनुसार नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रालि लोकन्थलीका २१७ ट्रक तथा कन्टेनर र २५१ चालक, सहचालक तथा व्यवसायी सम्पर्कविहीन छन्। यस्तै नारायणी यातायात व्यवसायी सङ्घ हेटौँडाका ५८ ट्रक तथा कन्टेनर र ७८ जना, तराई यातायात व्यवसायी सङ्घ सिमराका २१ सवारीसाधन र ३५ जना तथा ट्रक यातायात व्यवसायी सङ्घ नेपाल, बल्खुका १० कन्टेनर र २० जना सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ।रासस






**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रभावकारी भ्रमणको तयारी गर

प्रधानमन्त्री बालेन्द्र (बालेन) साह संयुक्त राष्ट्रसंघको ८१ औं महासभाबाट फर्किएको एक महिना पछि नै नोभेम्बरमा भारतको औपचारिक भ्रमण गर्ने भएका छन् । प्रधानमन्त्रीको कार्यालय अथवा सचिवालयले भारत भ्रमणको विषयमा औपचारिक रुपमा केही खुलाएको छैन । तर भारतीय सञ्चारमाध्यम आजतकले प्रधानमन्त्री साहको भारत भ्रमण नोभेम्बर २३ देखि २५ सम्म हुने गरी तयारी भइरहेको जनाएको छ । यद्यपि भ्रमणको मिति दुबै देशका तर्फबाट औपचारिक रूपमा सार्वजनिक भइसकेको छैन । भारतीय सञ्चारमाध्यमले जनाए अनुसार प्रस्तावित भ्रमण प्रधानमन्त्री साहको पहिलो औपचारिक द्विपक्षीय विदेश भ्रमण हुनेछ । संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी हुन उनी अहिले अमेरिका भ्रमणमा रहेकाले अमेरिकाको भ्रमण उनको पहिलो विदेश भ्रमण भए पनि भारत भ्रमणलाई पहिलो औपचारिक द्विपक्षीय भ्रमणका रूपमा लिइएको छ । नेपाल सरकारले प्रधानमन्त्री साहको नेतृत्वमा संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुने प्रतिनिधिमण्डलको भ्रमण यसअघि नै स्वीकृत गरेको थियो । प्रधानमन्त्री साहलाई भारत सरकारले गत जुलाइमै भ्रमणका लागि औपचारिक निम्तो दिएको पुष्टि गरेको थियो । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले पत्रकार सम्मेलनमार्फत प्रधानमन्त्री साहलाई भारत भ्रमणको निम्तो दिइएको बताएका थिए । त्यसबेला भ्रमणको सम्भावित मिति भने सार्वजनिक गरिएको थिएन । नोभेम्बरको अन्तिम साता भ्रमणको तयारी भइरहेको विवरण सार्वजनिक भएपछि काठमाण्डु-नयाँ दिल्ली सम्बन्धमा प्रधानमन्त्री साहको पहिलो औपचारिक भारत भ्रमणलाई विशेष चासोका साथ हेरिएको छ । प्रस्तावित भ्रमणका क्रममा नेपाल-भारत सम्बन्धका आर्थिक तथा पूर्वाधारसँग सम्बन्धित विषय प्रमुख रूपमा उठ्ने सम्भावना रहेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । भारतीय सञ्चारमाध्यमहरुका अनुसार नेपाल-भारत कनेक्टिभिटी, उर्जा, व्यापार, पूर्वाधार तथा बाढीपछिको पुनर्निर्माणका विषयमा छलफल हुने जनाएका छन् । भारत र नेपालबीच पछिल्ला महिनामा आर्थिक तथा उर्जा सहकार्यका विषयमा उच्चस्तरीय संवाद पनि जारी रहेको छ । नेपाल र भारतबीच रेल कनेक्टिभिटीतर्फ रक्सौल-काठमाण्डु ब्रोडगेज रेलमार्गको विषय महत्वपूर्ण बन्न सक्ने देखिन्छ । दुई देशका अधिकारीहरूबीच यस परियोजनाको अन्तिम लोकेसन सर्भे रिपोर्टलगायत विषयमा छलफल भइसकेको भारतीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । त्यस्तै जनकपुरधाम-अयोध्या यात्रुवाहक रेल सेवा सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने विषय पनि भ्रमणका क्रममा उठाउनुपर्छ । नेपालले भारतसितको सहयोग सम्बन्धमा प्रभावकारी सहमति गर्न आवश्यक छ । भारतले नेपालको धेरै क्षेत्रमा सहयोग गर्न उत्सुक छ । नेपालका प्रधानमन्त्री साहले भारतसित आफ्नो अनुकुलको सहयोग भारतबाट लिन सक्नु सफलता हुनेछ । नेपाल र भारतबीचको सम्बन्ध जस्तो अन्य मुलुकसितको सम्बन्ध छैन । त्यसलाई प्रधानमन्त्री साहले अझ प्रगाढ बनाउनु पर्छ ।

# मानव पुँजी, रोजगारी र राज्यप्रतिको भरोसा



पुष्पराज भट्टराई

सानो विवाद हुँदा सडकमा तनाव बढ्छ । सार्वजनिक संरचना तोडफोड हुन्छन् । प्रहरी र नागरिकबीच दूरी बढ्छ । सामाजिक सञ्जालमा एउटा घटनाले केही घण्टामै ठूलो रूप लिन्छ । कसैले राज्यलाई दोष दिन्छ, कसैले नागरिकलाई । कसैले राजनीतिक दललाई जिम्मेवार ठहर्‍याउँछ, कसैले बाह्य शक्तिको हात देख्छ । तर यी सबै प्रतिक्रियाको पछाडि एउटा गम्भीर प्रश्न छ–नेपाली समाजभित्र राज्य, नागरिक र सार्वजनिक संस्थाबीचको विश्वास किन कमजोर हुँदै गइरहेको छ ?


यो प्रश्नको उत्तर एउटै कारणमा भेटिँदैन । यसमा राजनीतिक संस्कार, प्रशासनिक व्यवहार, आर्थिक असुरक्षा, सामाजिक तनाव, सार्वजनिक सेवाको गुणस्तर, नागरिक चेतना, सूचनाको प्रवाह र हाम्रो आफ्नै जिम्मेवारीसमेत जोडिएका छन् । राज्यप्रति असन्तुष्टि कहाँबाट जन्मिन्छ ? नेपालमा पछिल्ला वर्षहरूमा निराशा, बेरोजगारी, युवाको विदेश पलायन, आर्थिक अनिश्चितता, सामाजिक दबाब र राज्यप्रतिको असन्तुष्टिबारे धेरै चर्चा भएको छ । यसलाई बुझ्ने एउटा महत्वपूर्ण अवधारणा हो–मानव पुँजी । मानव पुँजी तयार हुन्छ, तर उपयोग गर्ने ठाउँ खोई ?

विश्व बैंकको नेपाल ह्युमन क्यापिटल रिभ्यु २०२५ ले नेपालको मानव पुँजी सूचकांक ०.५१ रहेको देखाएको छ । शिक्षा र स्वास्थ्यमा लगानी गरेर तयार भएको मानव पुँजीलाई श्रम बजारले उपयोग गर्न सकेन भने त्यसको आर्थिक लाभ सीमित हुन्छ । विश्व बैंकको यही समीक्षाले श्रम बजारको अवस्थालाई समेत जोडेर हेर्दा अहिले जन्मिएको बच्चाले भविष्यमा आफ्नो सम्भावित उत्पादक क्षमताको करिब १८ प्रतिशत मात्र उपयोग गर्ने अवस्था देखाएको छ । सीमित रोजगारी सिर्जना, अनौपचारिक रोजगारी र महिलाको कम श्रम सहभागिता यसका प्रमुख अवरोध हुन् । सामान्य परिवारको भाषामा यसलाई बुझ्ने हो भने प्रश्न यस्तो हुन्छ, 'छोराछोरीलाई पढायौँ, सीप सिकायौँ, स्वस्थ बनायौँ' अब उनीहरूले आफ्नो क्षमता कहाँ प्रयोग गर्ने ? यही प्रश्नको उत्तर कमजोर भयो भने निराशा बढ्छ ।

नेपालमा विश्वविद्यालय र शैक्षिक संस्थाबाट हरेक वर्ष ठूलो संख्यामा युवा बाहिरिन्छन् । तर प्रमाणपत्र लिएर निस्कने युवाका लागि काम खोज्ने बाटो सहज छैन । यहाँ दुईवटा समस्या छन्, बजारमा उपलब्ध रोजगारी सीमित हुनु र उपलब्ध काम तथा युवासँग भएको सीपबीच मेल नहुनु । यसलाई 'स्किल मिसम्याच' अर्थात् सीप र बजारबीचको असमानता भनिन्छ । कुनै युवाले व्यवस्थापन पढेको हुन सक्छ, तर बजारलाई डिजिटल सीप भएको कर्मचारी चाहिएको हुन सक्छ । कसैले कृषि पढेको हुन सक्छ, तर स्थानीय बजारमा व्यावसायिक कृषि व्यवस्थापनको अवसर नहुन सक्छ । कसैले प्राविधिक तालिम लिएको हुन सक्छ, तर आफ्नो सीप प्रयोग गर्ने रोजगारदाता नभेटिन सक्छ । यस्तो अवस्थामा दोष युवालाई मात्र दिन मिल्दैन । शिक्षण संस्थाले बजारको माग बुझेर पाठ्यक्रम र अभ्यासलाई समयअनुकूल बनाउनुपर्छ । स्थानीय सरकारले आफ्नो क्षेत्रमा कुन प्रकारको श्रमको माग छ भनेर तथ्यांक राख्नुपर्छ । रोजगारदाताले आवश्यक सीपबारे शिक्षण तथा तालिम संस्थालाई जानकारी दिनुपर्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन आईएलओले २०२६ मा नेपालको सार्वजनिक रोजगार सेवासम्बन्धी मूल्याङ्कन गर्दा युवा बेरोजगारी, अनौपचारिकता, अल्परोजगारी र सीप असमानतालाई निरन्तर चुनौतीका रूपमा औल्याएको छ । रोजगार सेवा केन्द्र विस्तार भए पनि धेरै स्थानीय तहमा तिनको भूमिका प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको 'कामका लागि पारिश्रमिक' कार्यक्रममै बढी सीमित रहेको र रोजगारी मिलान, रोजगारदाता सेवा, करियर परामर्श तथा श्रम बजार सूचनाजस्ता काम अझै कमजोर वा असमान रहेको मूल्याङ्कनमा उल्लेख छ । यसबाट एउटा कुरा स्पष्ट हुन्छ–रोजगार कार्यालय बेरोजगारको नाम दर्ता गर्ने ठाउँ मात्र होइन । त्यो काम खोज्ने व्यक्ति र काम दिने संस्थाबीचको पुल बन्नुपर्छ ।

विदेश जाने युवा दोषी होइनन्, अर्थतन्त्रको ऐना हुन् नेपालबाट ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा गएका छन् । यसलाई 'युवा पलायन' मात्रै भनेर व्याख्या गर्दा तस्वीर अधुरो हुन्छ । विदेश जानु धेरै परिवारका लागि आर्थिक रणनीति हो । विदेशमा कमाएको पैसाले घर चलेको छ । बालबालिकाको शिक्षा भएको छ । स्वास्थ्य उपचारमा खर्च भएको छ ।




ऋण तिरिएको छ । घर बनेको छ । स्थानीय बजारमा उपभोग बढेको छ । नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान पनि ठूलो छ ।

तर प्रश्न अर्को छ–किन एउटा युवाले आफ्नो देशमा सीप प्रयोग गर्नुभन्दा विदेश जानुलाई सुरक्षित विकल्प ठान्छ ? यसको उत्तर रोजगारीको गुणस्तर, आम्दानी, सामाजिक सुरक्षा, उद्यम गर्ने वातावरण, श्रमको सम्मान र भविष्यप्रतिको विश्वाससँग जोडिन्छ । नेपालले विदेशमा काम गर्न जाने युवालाई रोक्नुपर्छ भन्नुभन्दा पहिले नेपालभित्र काम गर्न चाहने युवालाई प्रतिस्पर्धी अवसर दिन सक्नुपर्छ । तर त्यसका लागि तालिम र बजारबीच सम्बन्ध हुनुपर्छ । 'तालिम दियौँ' भन्ने तथ्य आफैँमा उपलब्धिको प्रमाण होइन । तालिमपछि काम भयो कि भएन ? आम्दानी बढ्यो कि बढेन ? व्यवसाय टिक्यो कि टिकेन ? कार्यक्रमको सफलता यिनै प्रश्नबाट मापन हुनुपर्छ । युवा उद्यमीलाई ऋण मात्र होइन, बजार, लेखा, डिजिटल कारोबार, ब्रान्डिङ र व्यवस्थापनसम्बन्धी आधारभूत सहयोग चाहिन्छ । वैदेशिक रोजगारीलाई सुरक्षित बनाउँदै फर्किएका युवाको सीप र पूँजीलाई उत्पादनमा जोड्ने वातावरण पनि आवश्यक छ ।

मानिस जहाँ अवसर हुन्छ, त्यहीँ जान्छ । यहीँबाट राज्यप्रतिको विश्वासको प्रश्न जोडिन्छ ।

नागरिकको राज्यप्रतिको विश्वास संविधान, भाषण वा चुनावी नाराबाट मात्र निर्माण हुँदैन । यो दैनिक अनुभवबाट बन्छ । जन्मदर्ता गर्न जाँदा सेवा कस्तो पाइयो ? नागरिकता बनाउन कति सहज भयो ? जग्गासम्बन्धी काममा कति समय लाग्यो ? स्वास्थ्य संस्थामा औषधि पाइयो कि पाइएन ? विद्यालयमा सेवा कस्तो छ ? उद्यम दर्ता गर्न कति झन्झट छ ? यिनै अनुभवले नागरिकको धारणा बनाउँछन् । सरकारलाई नागरिकको नजरबाट हेर्ने हो भने 'राज्य' कुनै अमूर्त संस्था होइन । नागरिकले राज्यलाई वडा कार्यालय, नगरपालिका, अस्पताल, विद्यालय, प्रशासनिक कार्यालय, प्रहरी, अदालत र अन्य सार्वजनिक संस्थामार्फत अनुभव गर्छ । त्यसैले सार्वजनिक सेवाको गुणस्तर लोकतन्त्रको दैनिक परीक्षा हो । यसको अर्थ सार्वजनिक सेवामा जवाफदेहिता हुनुपर्छ । कुन काम कति समयमा हुन्छ भन्ने स्पष्ट हुनुपर्छ । नागरिकले आफ्नो कामको अवस्था थाहा पाउनुपर्छ । गुनासो गर्ने प्रभावकारी व्यवस्था हुनुपर्छ ।

राज्यको जिम्मेवारीसँगै नागरिकको पनि जिम्मेवारी छ । कर तिर्नु, कानुन पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, गलत सूचना नफैलाउनु, सार्वजनिक स्थान सफा राख्नु र समुदायमा योगदान गर्नु नागरिक जिम्मेवारीका आधारभूत पक्ष हुन् । जवाफदेहिता एकतर्फी हुँदैन । त्यसैले राज्य र नागरिकबीच विश्वास निर्माण गर्न दुवैतर्फबाट जिम्मेवारी आवश्यक हुन्छ ।

**निराशाको उपचार नारा होइन, भविष्य देखिने व्यवस्था हो**

आजको पुस्ताको जीवनमा सामाजिक सञ्जाल महत्वपूर्ण हिस्सा बनेको छ । यसले सूचना र अवसरको पहुँच बढाएको छ । सानो व्यवसायले ग्राहक भेट्न सक्छ । विद्यार्थीले विश्वका सामग्री हेर्न सक्छ । गाउँको व्यक्तिले आफ्नो सिर्जना सार्वजनिक गर्न सक्छ । तर मानिसले अरूको जीवनको राम्रो भाग मात्र देख्दा आफ्नो जीवनसँग तुलना गर्न सक्छ । लगातार तुलना गर्दा असन्तुष्टि बढ्न सक्छ । सामाजिक स्वीकृतिको खोजीले मानसिक दबाब सिर्जना गर्न सक्छ । तर सामाजिक सञ्जाललाई नै सबै मानसिक समस्याको कारण भन्न मिल्दैन ।

डब्ल्यु एच ओ को सामाजिक सम्बन्धसम्बन्धी आयोगले २०२५ मा सामाजिक एक्लोपन र एक्लोपनको भावनालाई विश्वव्यापी सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा प्रस्तुत गरेको छ । विश्वभर करिब छ जनामध्ये एक जनाले एक्लोपन अनुभव गर्ने अनुमान गरिएको छ र किशोर तथा युवा समूहमा यसको दर अझ उच्च देखिएको छ । त्यसैले समस्या मोबाइलमा मात्र खोजेर हुँदैन । परिवारसँग संवाद घटेको छ कि ? छिमेकीसँग सम्बन्ध कमजोर भएको छ कि ? विद्यालयमा साथी र शिक्षकसँग सुरक्षित संवादको वातावरण छ कि ? युवाले आफ्नो कुरा राख्ने ठाउँ पाएको छ कि ? समुदायमा भेटघाट र सामूहिक गतिविधिका ठाउँ छन् कि ? त्यसैले डिजिटल संसारबाट भाग्ने होइन । डिजिटल जीवन र वास्तविक सामाजिक सम्बन्धबीच सन्तुलन बनाउने हो ।

मानसिक स्वास्थ्यलाई पनि व्यक्तिगत कमजोरीका रूपमा हेर्ने दृष्टिकोण बदलिनुपर्छ । डब्ल्यु एच ओ को नेपालसम्बन्धी मानसिक स्वास्थ्य लगानी अध्ययनले मानसिक, स्नायु तथा पदार्थ प्रयोगसम्बन्धी अवस्थालाई नेपालको महत्वपूर्ण सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा प्रस्तुत गरेको छ । मानसिक स्वास्थ्य समस्याको असर स्वास्थ्यमा मात्र सीमित नरहने र काम गर्ने क्षमता, अनुपस्थिति तथा उत्पादकत्वमा समेत असर पर्ने अध्ययनले उल्लेख गरेको छ ।

तर निराशाको अर्को महत्वपूर्ण कारण भविष्य अनुमान गर्न नसक्नु पनि हो ।

आज काम छ कि छैन ? छ भने भोलि पनि हुन्छ कि हुँदैन ? पढाइ सकेपछि काम पाइन्छ कि पाइँदैन ? व्यवसाय सुरु गरेपछि टिक्छ कि टिक्दैन ? देशमै बस्दा भविष्य सुरक्षित हुन्छ कि हुँदैन ? यी प्रश्नको स्पष्ट उत्तर नहुँदा युवाले विकल्प खोज्छ । वैदेशिक रोजगारी एउटा विकल्प हो । सरकारी जागिर अर्को विकल्प हो । कतिपयले व्यवसाय रोज्छन् । कतिपयले पढाइका लागि विदेश जाने निर्णय गर्छन् । समस्या युवाले विकल्प खोज्नु होइन । समस्या देशभित्र पर्याप्त विकल्प नहुनु हो । यसैले युवालाई 'देशमै बस' भन्नुभन्दा पहिले देशमा बस्न सकिने आधार बनाउनुपर्छ । त्यसका लागि बाल्यकालदेखि पोषण, स्वास्थ्य, प्रारम्भिक सिकाइ र गुणस्तरीय शिक्षामा लगानी गर्नुपर्छ । विद्यालयमा रटाइसँगै समस्या समाधान, सञ्चार, डिजिटल साक्षरता, वित्तीय साक्षरता, सिर्जनशीलता र सामाजिक-भावनात्मक सीपलाई महत्व दिनुपर्छ ।

नेपालबारे दुई अतिवादी धारणा छन्, सबै बिग्रिसक्यो वा सबै ठीक हुँदैछ । दुवैबाट वास्तविकता बुझ्न कठिन हुन्छ । नेपालमा समस्या छन् । तर प्रगति पनि भएको छ । गरिबी घटेको छ । शिक्षा र स्वास्थ्य सेवाको पहुँच विस्तार भएको छ । सडक, सञ्चार र डिजिटल पहुँच बढेको छ । नेपाली युवाले विश्व बजारमा आफ्नो क्षमता देखाएका छन् । वैदेशिक रोजगारीबाट आएको आम्दानीले लाखौं परिवारलाई आर्थिक आधार दिएको छ ।


तर उपलब्धि भए भन्दैमा बाँकी समस्या लुकाउन मिल्दैन । मानव पुँजीको ठूलो हिस्सा पूर्ण रूपमा उपयोग हुन सकेको छैन । युवा श्रम बजारमा प्रवेश गर्न कठिनाइ भोगिरहेका छन् । महिलाको आर्थिक सहभागिता कमजोर छ । रोजगारीको ठूलो हिस्सा अनौपचारिक छ । स्थानीय अवसर र सीपबीच पर्याप्त मेल छैन । सार्वजनिक सेवाको गुणस्तरमा सुधारको ठाउँ छ । सामाजिक र मानसिक स्वास्थ्यलाई विकासको मूल बहसमा पर्याप्त स्थान दिन बाँकी छ ।

यी तथ्य स्वीकार गर्नु निराशावाद होइन । सुधारको पहिलो सर्त हो । नेपालको निराशाको जरा कुनै एक दल, नेता, कर्मचारी, युवा, सामाजिक सञ्जाल वा एउटा आर्थिक सूचकमा मात्र भेटिँदैन । यसको जरा शिक्षामा छ, स्वास्थ्यमा छ, रोजगारीमा छ, सीप र बजारबीचको दूरीमा छ, स्थानीय अर्थतन्त्रमा छ, वैदेशिक रोजगारीमा निर्भर संरचनामा छ, सार्वजनिक सेवाको अनुभवमा छ, सामाजिक सम्बन्ध कमजोर हुँदै गएको अवस्थामासमेत छ र भविष्यप्रतिको अनिश्चिततामा पनि छ । त्यसैले समाधान पनि बहुआयामिक हुनुपर्छ ।

एकले अर्कालाई दोष दिएर देश बन्दैन । विदेश जाने युवालाई राष्ट्रप्रेमको पाठ पढाएर मात्र उनीहरू फर्किँदैनन् । सरकारलाई मात्र दोष दिएर नागरिकको जिम्मेवारी पूरा हुँदैन । प्रमाणपत्र थपेर मात्र रोजगारी सिर्जना हुँदैन । मोबाइल बन्द गरेर मात्र सामाजिक समस्या समाधान हुँदैन । नारा बनाएर मात्र आशा फर्किँदैन । निराशाको कारण नबुझी आशावादी बन्न खोज्नु पनि समाधान होइन । पहिले कारण पहिचान गर्नुपर्छ । त्यसपछि संस्थागत सुधार गर्नुपर्छ । अनि मात्र आशा दिगो हुन्छ । आशा तब बलियो हुन्छ, जब मानिसले आफ्नो मेहनतको परिणाम देख्न थाल्छ । आशा मानिसको क्षमतामाथि लगानी, काम गर्ने अवसर, भरोसायोग्य संस्था र भविष्यप्रतिको यथार्थ हो ।

***लेखक कृषि र पर्यटन अभियान्ता, उपभोक्ता अधिकारकर्मी एवं प्रशिक्षक हुनुहुन्छ ।***

# विपद्पछिको मानसिक स्वास्थ्य र राज्यको दायित्व



प्रेमनारायण भुसाल

मानव जीवन सधैँ एउटै लय र सहज गतिमा बग्दैन । सुखपछि दुःख र दुःखपछि सुखको चक्र प्रकृतिमा निरन्तर चलिरहने अकाट्य नियम हो । रातपछि दिन भए झैँ प्राकृतिक विपत्ति, महामारी वा गम्भीर दुर्घटना समयसमयमा आइरहन्छन् तर यस्ता विपद्ले मानव जीवनमा छाड्ने प्रभाव सामान्य हुँदैन । धनजनको क्षतिसँगै विपत्तिले मानिसको मन र भावनामा पारेको गहिरो चोटले जनजीवनलाई लामो समयसम्म अस्तव्यस्त बनाइदिन्छ । हालैका दिनमा विपद् पछिको असहज परिस्थितिमा सामाजिक सञ्जालमा प्रसारण गरिने संवेदनहीन र उत्तेजक भिडियो, फोटो तथा भ्रामक सूचनाले पीडितका घाउमा नुनचुक छर्कने काम गरिरहेका छन् । आफन्त गुमाएको असह्य पीडा, शारीरिक कष्ट र अन्योलमा छटपटाइरहेका मानिसका लागि यस्ता नकारात्मक सामग्रीहरू झनै घातक बनिरहेका छन् । यसप्रति सम्बन्धित सबैपक्ष र नागरिक समाज जिम्मेवार हुनु अतिआवश्यक भइसकेको छ ।

कुनै पनि ठूलो विपद् वा दुर्घटनापछि मानिसमा तर्सिनु, अत्यधिक डराउनु, निद्रा नलाग्नु, खान मन नलाग्नु, मान्छे टोलाउनु वा व्यवहारमा अकस्मात् परिवर्तन देखापर्नु नितान्त स्वाभाविक मानिन्छ । मनोवैज्ञानिक सन्दर्भमा यसलाई 'असामान्य परिस्थितिमा देखिने सामान्य प्रतिक्रिया' भनिन्छ । यस्तो अवस्थामा व्यक्तिले आफूलाई एक्लो ठान्नु, निराश हुनु वा दैनिक मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुन नसक्नु सामान्य नै हो ।

हाम्रो पूर्वीय संस्कार र समाजमा पनि यसको आफ्नै मनोवैज्ञानिक तथा व्यावहारिक पक्ष रहेको पाइन्छ । आफन्त गुमाउँदा १३-१४ दिनसम्म शोक मनाउने, दैनिक व्यावहारिक कामबाट अलग रही धार्मिक र आध्यात्मिक क्रियाकलापमा संलग्न हुने तथा इष्टमित्र र नातेदारले भेटघाट गरी सान्त्वना दिने परम्पराले व्यक्तिको मनमा रहेको गहिरो शोकलाई विस्तारै हलुका बनाउन मद्दत गर्छ । आधुनिक सञ्चारमाध्यम र प्रविधिको तीव्र विकाससँगै अहिले समाजमा एक-दुई दिन वा एकैछिन कोही चिन्तित वा भावुक भयो भने उसलाई मानसिक रोग लाग्यो भन्ने गलत भाष्य सिर्जना भएको छ । सबैभन्दा पहिला हामी के कुरामा स्पष्ट हुनुपर्छ भने मानसिक समस्या एक-दुई दिन वा एकैहप्तामा विकास भइहाल्ने विषय होइन । विपद्को तत्कालीन समयमा व्यक्ति आत्तिनु, हड्बडाउनु वा क्षणिक रूपमा अचेत हुनु पनि एकप्रकारको स्वाभाविक बचाउ प्रतिक्रिया नै हो ।

### कहिले चाहिन्छ संवेगात्मक र मनोवैज्ञानिक सहयोग ?

विपद्पछिको प्रारम्भिक चरणमा देखिने यस्ता लक्षण साथीभाइसँगको छलफल, आफन्तको ढाडस र दैनिक क्रियाकलापमा संलग्न हुँदै जाँदा बिस्तारै सामान्यीकरण हुँदै जानुपर्छ । सामान्यतया १५ देखि २० दिन वा तीन हप्ताको समयभित्र व्यक्ति विस्तारै पुरानै लयमा फर्कन थाल्छ । यदि तीन हप्ता (२१ दिन) भन्दा लामो समयसम्म पनि व्यक्ति सामान्य अवस्थामा फर्कन सकेन, निरन्तर टोलाइरह्यो, एक्लै बस्न खोज्यो, अरूसँग कुराकानी गर्न चाहेन, बाहिरको अवस्था सामान्य भइसक्दा पनि अत्यधिक त्रस्त भइरह्यो र शरीरका अङ्गहरूले असामान्य प्रतिक्रिया दिन थाले भने त्यतिबेला उसलाई संवेगात्मक र मनोवैज्ञानिक सहयोग आवश्यक हुन्छ ।

प्राकृतिक वा अन्य गम्भीर दुर्घटनामा घाइते भएका, विपत्ति प्रत्यक्ष देखेका वा परिवारका सदस्य गुमाएका व्यक्तिमा दीर्घकालीन तनावसँग सम्बन्धित समस्या अर्थात् 'पोस्टट्रम्याटिक स्ट्रेस डिसअर्डर' देखापर्ने उच्च जोखिम रहन्छ । यस्तो गम्भीर अवस्था सिर्जना हुन नदिनका लागि सुरुआती दिनदेखि नै पूर्वसावधानी र सही तरिका अपनाउनु अत्यावश्यक हुन्छ, जसका लागि मनोवैज्ञानिक प्राथमिक उपचार महत्त्वपूर्ण हुन सक्छ ।

### मनोवैज्ञानिक प्राथमिक उपचार

विपत्पछिको उद्धारलाई पहिलो प्राथमिकता र उद्धारपछि राहत तथा पुनःस्थापनालाई दोस्रो प्राथमिकता दिँदै गर्दा पीडितको मानसिक स्वास्थ्यलाई जोगाउन विश्वभर मनोवैज्ञानिक प्राथमिक उपचार पद्धति प्रयोगमा ल्याउने गरिएको छ । विसं २०७२ को भूकम्पपछि पनि नेपालमा मनोवैज्ञानिक प्राथमिक उपचार सञ्चालनमा ल्याइएको थियो । पङ्क्तिकार पनि संलग्न रहेको मनेवैज्ञानिक प्राथमिक सहयोगले तनाव व्यवस्थापनमा निकै सहयोग पुर्‍याएको थियो ।

धेरैमा मनोवैज्ञानिक प्राथमिक उपचार भन्नेबित्तिकै यो कुनै ठूलो अस्पतालमा अझ मानसिक अस्पतालमा गरिने जटिल डाक्टरी उपचार वा मानसिक रोगीलाई दिइने औषधि हो भन्ने भ्रम छ । वास्तवमा मनोवैज्ञानिक प्राथमिक उपचार कुनै विशिष्टीकृत मानसिक उपचार पद्धति होइन । जसरी शारीरिक चोट लाग्दा रगत बग्न नदिन वा घाउ बिग्रिन नदिन 'फर्स्ट एड' (प्राथमिक उपचार) गरिन्छ, त्यसैगरी मन र भावनामा परेको आघात गम्भीर मानसिक रोगमा परिणत नहोस् भनेर दिइने रोकथाममूलक साहरा नै मनोवैज्ञानिक प्राथमिक उपचार हो ।

यो उपचार औपचारिक र अनौपचारिक दुवै रूपमा दिन सकिन्छ । अनौपचारिक रूपमा साथीसङ्गति, परिवारका सदस्य वा छरछिमेकीले पीडितका मनभित्र रहेका उकुसमुकुसलाई सुनिदिने र भावनात्मक ढाडस दिने गर्दा मात्रै पनि धेरै समस्या गम्भीर बन्नबाट रोकिन्छन् । त्यस्तै, औपचारिक रूपमा आधारभूत तालिम लिएका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी वा समाजका अगुवाले यो सेवा प्रदान गर्न सक्छन् । मनोवैज्ञानिक प्राथमिक उपचारका मुख्य तीन चरणहरू हुन्छन्ः

१. अवलोकन गर्ने : सर्वप्रथम प्रभावित व्यक्तिको वर्तमान अवस्थाको अवलोकन गरिन्छ र उसका लागि अहिले अत्यावश्यक कुरा जस्तै सुरक्षित बास, गाँस, कपास वा शारीरिक सुरक्षा के हो, त्यसको पहिचान गरिन्छ ।

२. ध्यानपूर्वक सुन्नेः दोस्रो चरणमा सम्बन्धित व्यक्तिका कुराहरू बिना कुनै मूल्याङ्कन ध्यानपूर्वक सुनिन्छ । यतिबेला पीडितलाई इच्छा नभएका कुराहरू जबर्जस्ती खोतलेर सोध्ने काम पटक्कै गरिनु हुँदैन । उसले स्वयं आफ्ना पीडा वा आफन्तका बारेमा भन्न चाहेमा नजिकै बसेर सहानुभूतिपूर्वक सुनिदिने र ढाडस दिने गर्नुपर्छ ।

३. सम्पर्क र जोड्नेः तेस्रो चरणमा पीडित व्यक्तिलाई उनका प्रियजन, आफन्त, नातेदार वा साथीभाइसँग सम्पर्क गराइन्छ । यदि परिवार र आफन्त उपलब्ध छैनन् भने सामाजिक संस्थाहरू वा राहत टोलीसँग जोडिन्छ । यसरी मानिससँगको सम्पर्कले पीडितमा जीवनप्रतिको निराशा कम गर्न र मनोबल उच्च पार्न मद्दत गर्छ । यदि व्यक्ति अति नै विच्छिप्त अवस्थामा छ भने उसलाई विशिष्टीकृत स्वास्थ्य सेवाका लागि विशेषज्ञकहाँ 'रिफर' गरिन्छ ।

### के भन्ने, के नभन्ने ?

विपद्का बेला नबुझीकन बोलिने सान्त्वनाका शब्दहरूले पीडितको मनमा झनै ठूलो आघात पुर्‍याउन सक्छ । त्यसैले मनोवैज्ञानिक प्राथमिक उपचार दिँदा केही निषेधात्मक कुरामा विशेष ध्यान दिनुपर्छ । यस्तो बेला अनावश्यक र झुटा आश्वासन नदिनु हुँदैन । सामाजिक सञ्जाल वा अन्यत्र सहयोगको नाममा मृतक व्यक्ति पनि जीवितै छन् भन्ने भ्रम पारी भेटिन्छन् वा सबै काम हामी नै गरिदिन्छौँ भन्नेजस्ता असम्भव र झुटा आश्वासन दिनु हुँदैन । तपाईं त बाँचिहाल्नुभयो नी, मान्छे एकदिन मरेर जाने नै हो, तपाईंको मात्र होइन अरूका पनि मरेका छन् वा तपाईंको भन्दा गम्भीर क्षति र पीडा त अरूलाई परेको छ, अरूले त केही गरेका छैनन् जस्ता असंवेदनशील संवादहरू पटक्कै गर्नु हुँदैन । परामर्शका क्रममा पीडितको रुने अधिकार खोस्ने गल्ती गर्नु हुँदैन । आफन्तको बिछोडमा रोइरहेका मानिसलाई नरोऊ, रुनु हुँदैन भनेर रोक्नु ठूलो गल्ती हो । रुनु र आँसु बहाउनु भनेको मनको पीडा बाहिर निकाल्ने प्राकृतिक माध्यम हो । त्यसैले उनीहरूलाई आफ्ना भावना अभिव्यक्त गर्ने पूर्ण अवसर दिनुपर्छ ।

### राज्य र स्थानीय तहको दायित्व

विपद् घटेको निश्चित समयपछि समाजमा व्यवस्थित मनोवैज्ञानिक परामर्शको काम सुरु हुनुपर्छ । यसका लागि राज्यले स्थानीय तहलाई पूर्ण रूपमा सहयोग गर्नु आवश्यक छ । स्थानीय तहका माध्यमबाट मनोवैज्ञानिक परामर्शदाता, तालिमप्राप्त जनशक्ति र चिकित्सकलाई प्रभावित क्षेत्र तथा संरक्षण गृहमा खटाउनुपर्छ । संरक्षण गृहमा राखिएका पीडितका लागि मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । खानपान, निद्रा र व्यवहारमा निरन्तर विचलन आएका खण्डमा कहाँ र कसरी सहयोग लिने भन्ने विषयमा उनीहरूलाई सुसूचित गरिनुपर्छ ।

विपद् प्राकृतिक वा भवितव्य हो, जसलाई पूर्ण रूपमा रोक्न सकिँदैन । विपद्पछि सिर्जना हुने मानसिक आघात र त्यसले निम्त्याउने दीर्घकालीन मानसिक रोगहरूलाई भने सही समयको सजगता र मनोवैज्ञानिक प्राथमिक उपचारका माध्यमबाट न्यूनीकरण गर्न सकिन्छ । पीडितलाई झुटा आश्वासन र सहानुभूति होइन, ध्यानपूर्वक सुनिदिने कान, बुझिदिने मन र सुरक्षित वातावरणको खाँचो हुन्छ । आजका सन्दर्भमा सामाजिक सञ्जालको असंवेदनशील प्रयोगलाई नियन्त्रण गर्दै, प्रभावित हरेक स्थानीय तहसम्म सुलभ र प्रभावकारी मनोवैज्ञानिक प्राथमिक उपचार पुर्‍याउनु नै राज्य र नागरिक समाजको पहिलो कर्तव्य हो । (मनोवैज्ञानिक परामर्शदाता हुनुहुन्छ)

# पूर्वराष्ट्रपति भण्डारी एमालेको वरिष्ठ नेतामा चयन



काठमाण्डु । नेकपा (एमाले) को केन्द्रीय कमिटीको तेस्रो बैठकबाट पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी वरिष्ठ नेताको जिम्मेवारीमा चयन हुनुभएको छ।

केन्द्रीय कमिटीको बैठकअघि बिहीबार नै भएको सो पार्टीको सचिवालयको बैठकले वरिष्ठ नेतामा भण्डारीसहित केन्द्रीय सदस्यमा मनोनयन हुने सूची पारित गरेको थियो । पार्टीका पूर्वउपाध्यक्ष भण्डारीलाई पार्टीको सदस्यता दिने/नदिने विषयमा आन्तरिक बहस चलेकामा हाल सर्वम्मतिले वरिष्ठ नेताको जिम्मेवारी दिने निर्णय भएको छ।

एमालेका सचिव हिक्मत कार्कीले भण्डारी अब वरिष्ठ नेताको भूमिकामा रहने र उहाँको राजनीतिक तथा साङ्गठनिक अनुभवले पार्टीको आगामी कार्यभारलाई प्रभावकारी रूपमा अघि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

बैठकपछि प्रतिक्रिया दिँदै सचिव पद्मा अर्यालले भण्डारीजस्तो अनुभवी र सम्मानित नेतालाई सदस्यता दिइसकेपछि विशुद्ध पार्टी सदस्य बनाएर मात्रै राख्न उपयुक्त नहुने भएकाले वरिष्ठ नेताको जिम्मेवारी दिइएको बताउनुभयो।

अर्का सचिव महेश बस्नेतले केन्द्रीय कमिटीको बैठक सौहार्दरुपमा सम्पन्न भएको उल्लेख गर्दै 'नेतृत्व र पार्टीमाथि भएको हमलालाई निराश' बनाउँदै पार्टीलाई एकताबद्ध तथा उत्साहित बनाउँदै बैठक सम्पन्न भएको जिकिर गर्नुभयो। उहाँले विघठित प्रतिनिधिसभाको पुनःस्थापनाको मुद्दामा न्यायालयबाट छिटो र उपयुक्त निर्णय आउने आशा व्यक्त गर्नुभयो।

यही असोज ५ गतेदेखि जारी केन्द्रीय कमिटीको बैठक आज सकिएको छ । केन्द्रीय कमिटीको बुधबारको बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदन पारित भएको थियो। रासस

# जलवायु सङ्कट सामना गर्न प्रतिबद्धताबाट कार्यान्वयनतर्फ जानुपर्छ : परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तनबाट सिर्जित सङ्कट सामना गर्न अन्तरराष्ट्रिय समुदाय प्रतिबद्धताबाट कार्यान्वयनतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुने सिलसिलामा न्युयोर्कमा रहनुभएका परराष्ट्रमन्त्रीले राष्ट्रसङ्घको प्रधान कार्यालयमा आज आयोजित जलवायुसम्बन्धी उच्चस्तरीय बैठकमा जलवायु जोखिममा रहेका मुलुकलाई पर्याप्त सहयोग परिचालन हुनुपर्ने बताउनुभयो।

मन्त्री खनालको निजी सचिवालयका अनुसार हालैको बाढीबाट नेपालले व्यापक मानवीय तथा भौतिक क्षति व्यहोर्नुपरेको जानकारी दिनुभयो।

उहाँले जलविद्युत् पूर्वाधारमा गम्भीर क्षति पुगेको र दशकौँको प्रयासबाट हासिल भएका विकासका उपलब्धि पछाडि धकेलिएका, प्रारम्भिक मूल्याङ्कनअनुसार जलवायुजन्य विपद्‌बाट नेपालले पाँच अर्ब अमेरिकी डलरभन्दा बढी क्षति व्यहोरेको जानकारी दिनुभयो।

"नेपालले यो सङ्कट सिर्जना गरेको होइन । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ तर यसको असर नेपालले असमान रूपमा र पटकपटक भोगिरहेको छ", मन्त्री खनालले भन्नुभयो । उहाँले जलवायुजन्य विपद् नेपालका लागि केवल मानवीय आपत्काल नभई विकास आपत्काल, न्यायको सङ्कट तथा समुदाय र भावी पुस्ताको अस्तित्वसँग जोडिएको गम्भीर चुनौती बनेको बताउनुभयो।

भोटेकोशी बाढी स्थानीय घटना मात्र नभएको बताउँदै उहाँले विश्वका जलवायु जोखिममा रहेका अन्य मुलुकका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्ने विचार व्यक्त गर्नुभयो।




"हिमालयमा जे हुन्छ, त्यो हिमालयमै सीमित रहँदैन", उहाँले भन्नुभयो, "हिमालय पृथ्वीको जीवन-समर्थन प्रणालीको अभिन्न हिस्सा हो ।" अन्तरराष्ट्रिय समुदायले प्रतिबद्धताबाट कार्यान्वयनतर्फ उन्मुख हुनुपर्नेमा जोड दिँदै उहाँले विपद् आएपछि मात्र सहयोग गर्ने पद्धतिभन्दा विपद् आउनुअघि नै समुदायसम्म पुग्नेगरी पर्याप्त, अग्रिम र सहज पहुँचयोग्य जलवायु वित्त उपलब्ध गराउनुपर्ने बताउनुभयो।

उहाँले जलवायु अनुकूलनलाई प्राथमिकता दिनुपर्ने र नेपालजस्ता मुलुकका लागि अनुकूलन कुनै विकल्प नभई जीवनरक्षाको आधार भएको स्पष्ट पार्नुभयो।

मन्त्री खनालले विश्वव्यापी प्रारम्भिक चेतावनी प्रणालीमा सबैको पहुँच, पर्वतीय पारिस्थितिक प्रणालीअनुकूल भरपर्दो प्रविधि, जलवायु सूचना सेवा तथा जलवायु उत्थानशील पूर्वाधारमा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो। साथै, हानि तथा क्षति कोषलाई पर्याप्त रूपमा पुँजीकृत गर्दै छिटो, सरल र सहज पहुँचयोग्य बनाउनुपर्ने तथा बहुपक्षीय विकास बैंकहरूले विपद्‌का बेला शीघ्र र किफायती वित्त परिचालन गर्नुपर्ने उहाँले बताउनुभयो।

उहाँले हिमालदेखि समुद्रसम्म जलवायु परिवर्तनका प्रभावलाई एकीकृत रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउँदै १.५ डिग्री सेल्सियसको तापक्रम वृद्धिको लक्ष्यलाई कायम राख्न विश्वले दृढ प्रयास गर्नुपर्नेमा जोड दिनुभयो।

"यो पर्वतीय तथा तटीय समुदायको अस्तित्वसँग जोडिएको विषय हो", उहाँले भन्नुभयो । विश्व समुदाय जलवायु सङ्कटप्रति तत्काल गम्भीर नभएमा भविष्यमा अझ ठूलो जोखिम निम्तिनसक्ने उहाँले चेतावनी दिनुभयो । उहाँले राष्ट्राध्यक्ष तथा सरकार प्रमुख, मन्त्री, परोपकारी संस्था, सञ्चारमाध्यम, नागरिक समाज, निजी क्षेत्र तथा शैक्षिक समुदायलाई जलवायु सङ्कटविरुद्ध साहस र स्पष्टताका साथ अघि बढ्न आह्वान गर्नुभयो। रासस

## परराष्ट्रमन्त्री खनाल र जर्मनीकी आर्थिक सहयोग तथा विकासमन्त्री राडोभानबीच भेटवार्ता

काठमाण्डु। परराष्ट्रमन्त्री शिशिर खनालले नेपालमा हालै आएको बाढीबाट प्रभावित क्षेत्रको पुनःस्थापना, पुनर्वास तथा पुनर्निर्माणका लागि जर्मनीसँग आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाको अवसरमा संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा बिहीबार जर्मनीकी आर्थिक सहयोग तथा विकासमन्त्री रिम अलाबाली राडोभानसँग भएको द्विपक्षीय 'साइडलाइन' भेटवार्तामा मन्त्री खनालले विपद्‌पछिको पुनर्निर्माणसँगै जलवायु उत्थानशील, विपद् उत्थानशील, विपद् पूर्वतयारी र क्षमता अभिवृद्धिमा थप लगानी अत्यावश्यक छ।"

मन्त्री खनालले नेपालको विकास प्रक्रियामा जर्मनीले लामो समयदेखि पुऱ्याउँदै आएको महत्वपूर्ण सहयोगको प्रशंसा गर्दै जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीको सामना गर्नु विश्व समुदायको साझा जिम्मेवारी भएकामा जोड दिनुभएको उहाँको सचिवालयले जनाएको छ।

सो अवसरमा जर्मनीकी मन्त्री राडोभानले नेपालमा पछिल्लो पटक उत्पन्न 'विनाशकारी विपद्‌लाई विश्वव्यापी साझा चुनौती'का



पूर्वतयारी र क्षमता अभिवृद्धिमा थप लगानीको आवश्यकता औँल्याउनुभएको हो।

भेटवार्तामा मन्त्री खनालले बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति जर्मन सरकार तथा जनताले व्यक्त गरेको सहानुभूति, ऐक्यबद्धता र सहयोगप्रति आभार व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "नेपालले विपद्‌पछिको पुनःस्थापना, पुनर्वास र पुनर्निर्माणका कार्य अघि बढाइरहेको छ। यस क्रममा जलवायु रूपमा लिनुपर्ने बताउँदै जर्मनी नेपाललाई वित्तीय तथा मानवीय सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।

भेटवार्तामा नेपाल-जर्मनीबीचको सुमधुर द्विपक्षीय सम्बन्धका विभिन्न पक्षमा विचार आदानप्रदान हुनुका साथै पारस्परिक हितका क्षेत्रमा सहकार्यलाई आगामी दिनमा थप सुदृढ र गहिरो बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो। रासस

# दोहोरो सुविधा नपाउने गरी कानुन तर्जुमा गर्न लागिएको हो: कानुनमन्त्री

काठमाण्डु। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले संवैधानिक निकायमा कार्यरत पदाधिकारीहरुलाई दोहोरो सुविधा नपाउने गरी कानुन तर्जुमा गर्न लागेको बताउनुभयो।

राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबार सिंहदरबारमा बसेको संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ उपर सैद्धान्तिक र संशोधन प्रस्तावकर्ता सदस्यसँगको छलफलमा सम्बोधन गर्दै मन्त्री गौतमले संविधानबमोजिम नै संवैधानिक निकायमा सेवानिवृत्त भएका विशिष्ट श्रेणीका कर्मचारी नियुक्ति हुने प्रावधान भएकाले पनि दोहोरो सुविधा नियन्त्रणका लागि विधेयकमार्फत कानुन तर्जुमा गर्न लागिएको जानकारी दिनुभयो।



"दोहोरो सेवा सुविधा कसैले पनि नलियोस भन्ने उद्देश्यले नै यो विधेयक ल्याएका हौं" उहाँले भन्नुभयो, "सर्वोच्च अदालतले पनि संवैधानिक निकायका पदाधिकारीहरुको दोहोरो सुविधा र पारिश्रमिकको विषयमा आवश्यक कानुन बनाउन फैसला पनि गरेकाले सोलाई पनि मध्यनजर गर्दै कानुन तर्जुमा गर्न लागेका हौं।"

मन्त्री गौतमले सेवानिवृत्त भएका कर्मचारी फेरि नियुक्ति भएर दुवै खालका सेवासुविधा नलियोस भन्ने उद्देश्यले नै कानुन बनाउन लागेको स्पष्ट पार्नुभयो।"राज्यसँग भएका स्रोतसाधनको समुचित प्रयोग होस् । कसैले पनि दोहोरो सेवा सुविधा लिने प्रवृत्तिको अन्त्य गर्नका लागि पनि यो कानुन आवश्यक भएको हो," उहाँले भन्नुभयो। उहाँले संशोधन विधेयकमा धेरै दफा पनि भएको उल्लेख गर्दै व्यवस्थित गर्न खोजेको पनि स्पष्ट पार्नुभयो।

उहाँले विधेयक मार्फत कुनै पनि कर्मचारीले निवृत्तीभरण र र तलब दुवै नपाउने गरी योजनाबद्ध ढंगले व्यवस्थित गर्न लागेको पनि बताउनुभयो। "कुनै पनि व्यक्तिले दोहोरो सेवासुविधा नलियोस र राज्यको सीमित स्रोतसाधनलाई वैधानिक ढंगले प्रयोग गर्न सकियोस भन्ने नै मुलभुत उद्देश्य हो," उहाँले भन्नुभयो, राज्यको स्रोतलाई समुचित प्रयोग गरियोस भन्ने नै हो।" रासस

# राष्ट्रियसभा बैठक : सरकारले जनचाहना अनुसार काम गर्न माग

काठमाण्डु। नेपाली कांग्रेसका सांसद खम्मबहादुर खातीले जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारले जनताका चाहनाअनुसार नयाँ सोच र नयाँ तारिकाले काम गर्नुपर्नेमा जोड दिनुभएको छ । राष्ट्रिय सभाको आजको बैठकको विशेष समयमा बोल्दै उहाँले जनताले सरकारसँग धेरै अपेक्षा गरेको बताउँदै सरकारले वाचा गरेअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो।

सुशासन र भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा जनताको चाहना र अपेक्षाअनुसार सरकारले काम गर्न नसकेको भन्दै उहाँले टिप्पणी गर्नुभयो। सांसद खातीले भन्नुभयो, "नागरिकले अझै पनि सरकारी निकायमा झन्झटिलो



प्रक्रिया नै भोग्नुपरेको छ । सुशासन भाषणमा सजिलो छ, तर व्यवहारमा कठिन छ । यसको कार्यान्वयन गर्न कानुन सबैका लागि समान हुनुपर्छ र सरकारलाई प्रश्न गर्दा अन्यथा सोच्नुहुदैन।"


असल कानुन निर्माणका साथै भएका कानुनको प्रभावकारी कार्यान्वयन पनि आवश्यक रहेको उल्लेख गर्दै उहाँले जनताले अब प्रक्रिया भन्दा परिणाम खोजेकाले सोहीबमोजिम सरकारले काम गर्नुपर्ने बताउनुभयो । भोटेकोशी बाढी विपद्‌को व्यवस्थापनका लागि प्रतिनिधिसभाबाट विशेष समिति गठन भएको सम्बन्धमा सो समितिमा राष्ट्रिय सभाको पनि प्रतिनिधित्व हुनुपर्ने उहाँले माग गर्नुभयो। रासस

# अध्यक्ष दाहालद्वारा सम्भावित मौसमी विपद्मा उच्च सतर्कता अपनाउन अपिल

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले यही असोज ९ गतेदेखि ११ गतेसम्म देशभरिका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको उल्लेख गर्दै उच्च सतर्कता अपनाउन अपिल गर्नुभएको छ।

सभाको बिहीबारको बैठकमा अध्यक्ष दाहालले अधिकांश स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना रहेकाले आधिकारिक र अद्यावधिक सूचनाको जानकारी लिन, अत्यावश्यक बाहेक यात्रा नगर्न, जोखिमयुक्त स्थानमा नबस्न र सुरक्षित रहन अपिल गर्नुभएको हो।

नेपाल मौसम विज्ञान विभागका अनुसार उत्तर अन्दमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र हाल बङ्गालको खाडीको मध्य भूभाग आसपासमा रहेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै बलियो न्यून चापीय क्षेत्र भई अति भारी वर्षाको सम्भावना देखिएको हो।



विभागले सम्भावित वर्षाको कारणले भू-क्षय, बाढी, पहिरो तथा ग्रेगान बहावको जोखिम रहेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहने, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवनसमेत प्रभावित हुनसक्ने भएकोले पूर्वतयारी अपनाउन आह्वान गरेको छ।

बैठकमा अध्यक्ष दाहालले जोखिम न्यूनीकरण र प्रतिकार्यको लागि सङ्घ, प्रदेश, स्थानीय तहलगायतका सरकारी संयन्त्रलाई सक्रिय एवं पूर्वतयारी अवस्थामा रहन र सम्भावित जोखिम तथा त्यसबाट पर्ने प्रभावबारे नागरिकलाई सुसूचित गराई सचेतना अभिवृद्धि गर्नसमेत सम्बद्ध सबैलाई निर्देश गर्नुभएको छ।

यसैगरी, बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट अर्थमन्त्री डा स्वर्णिम वाग्लेले लोक सेवा आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुभएको थियो।

त्यस्तै विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेलले ' विकास, आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन' सभासमक्ष पेस गर्नुभएको थियो।

राष्ट्रियसभाको अर्को बैठक यही असोज १२ गते दिउँसो १:१५ बजे बस्नेछ। रासस


**श्री जनता माध्यमिक विद्यालय**

**कटहरिया -५, रौतहट**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८३/०६/०९

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३ साल असोज ०८ गतेको निर्णय र नगर कार्यपालिकाको कार्यालय कटहरिया, ५ रौतहटको च. नं. ४७८ मिति २०८३।०६।०७ को प्राप्त अनुमति अनुसार यस विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले तपसिल अनुसारको विज्ञापन गरिएको व्यवहोरा सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | विज्ञापन नं | विषय | तह | दरबन्दीको किसिम | पद संख्या | न्युनत्तम योग्यता | तलब भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | नेपाली | मा. शि. तृतीय | स्वीकृत | १(एक) | सम्बन्धित विषयमा स्नातक उतिर्ण गरेको | नेपाल सरकारले तोके बमोजिम | करार सुचिलाई पहिलो प्राथमिकता दिने छ। |
| २ | ०२/२०८३/०८४ | रसायन विज्ञान | मा. शि. द्वितीय (प्राविधिक धार) | स्वीकृत | १(एक) | सम्बन्धित विषयमा स्नात कोत्तर उतिर्ण गरेको | नेपाल सरकारले तोके बमोजिम | चौथो पटक प्रकाशित |
| ३ | ०३/२०८३/०८४ | सिभिल इन्जिनियरिंग | नि.मा.शि.तृ. सरह (प्राविधिक धार) | स्वीकृत | १(एक) | सम्बन्धित विषयमा ३ वर्षे डिप्लोमा वा कक्षा १२ उतिर्ण गरेको | नेपाल सरकारले तोके बमोजिम | दोस्रो पटक प्रकाशित |


**पेश गर्नु पर्ने कागजातहरु:-**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतीलिपी
- शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपी
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी (विज्ञापन नं. ०१/२०८३/०८४ को हकमा)
- परीक्षाको किसिम लिखित र अन्तर्वाता
- दरखास्त दिने अन्तिम मितिः २०८३।०६।२३ कार्यालय समयमा
- सम्पर्क मिति :- २०८३।०६।२४ गते शनिवार विहान १०:०० बजे
- दरखास्त दस्तुर : माध्यमिक तहको रु. १५००।- र निम्नमाध्यमिक तहको रु. १०००।-(एक हजार मात्र नेपाल बैंक लि. कटहरिया शाखामा यस विद्यालयको नाउँमा संचालित च. हि. नं. ११०००१०१२००६७००००००१ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ
- उमेर :- १८ वर्ष पुरा गरि ४० वर्ष ननाघेको
- निरोगिताको प्रमाण पत्र।

**प्रधानाध्यापक**

# संयुक्त राष्ट्रसंघमा इरानी राष्ट्रपतिको कडा धारणा

एएफपी । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले संयुक्त राष्ट्रसंघको महासभामा बुधबार सम्बोधन गर्दै अमेरिकी आक्रमणको आलोचना गर्नुभएको छ। उहाँले इरानी जनता अमेरिकाको 'आतङ्कवादको सिकार' भएको बताउँदै इरान वार्ता र कूटनीतिका लागि तयार रहे पनि बल प्रयोगको दबाब स्वीकार नगर्ने स्पष्ट पार्नुभएको छ।



करिब सात महिनादेखि जारी युद्धका बीच महासभामा सम्बोधन गर्नुभएका पेजेस्कियानले दिवङ्गत सर्वोच्च नेता अली खामेनी तथा युद्धको सुरुआती दिनमा मारिएका १५० भन्दा बढी विद्यालयका विद्यार्थीका तस्बिर प्रदर्शन गर्नुभएको थियो । उहाँले इरानले आफ्नो रक्षा मात्र गरेको दाबी गर्दै भन्नुभयो, "हामी आतङ्कवादी होइनौँ । हाम्रा निर्दोष जनता कायरतापूर्ण आक्रमणको लक्ष्य बनेका छन्", अमेरिकातर्फ सङ्केत गर्दै उहाँले भन्नुभयो, "उनीहरूले हामीलाई प्रहार गरे, तर हामीले घुँडा टेकेका छैनौँ।"

पेजेस्कियानको सम्बोधन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक दिनअघि इरानसँग छिट्टै सम्झौता नभए इस्लामिक गणतन्त्रलाई 'नष्ट' गर्न सकिने चेतावनी दिनुभएको पृष्ठभूमिमा आएको हो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले आणविक कार्यक्रम र आतङ्कवादसम्बन्धी नीतिमा परिवर्तन गर्नुपर्ने बताउँदै अन्यथा सैन्य कारबाहीसहित विभिन्न विकल्प प्रयोग गर्न सकिने बताउनुभएको छ।

यसअघि ट्रम्पका प्रमुख दूत स्टिभ विटकफ र जारेड कुसनरले इरानी अधिकारीहरूसँग गरेको भेटलाई उहाँले 'धेरै राम्रो बैठक' बताउनुभएको थियो । तर इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले त्यस्तो सम्पर्कमा नयाँ कुरा नभएको बताउनुभएको छ। अमेरिकासँगको सम्भावित वार्तालाई लिएर इरानभित्रै पनि मतभेद देखिएको छ । केही नेताले विदेशमन्त्री अब्बास अराघचीको आलोचना गरेका छन् ।

यसैबीच, अमेरिकी समर्थन प्राप्त 'बोर्ड अफ पिस' ले गाजाको पुनर्निर्माण र शासन व्यवस्था अघि बढाउन छ महिनाका लागि दुई अर्ब ४५ करोड अमेरिकी डलरको योजना प्रस्ताव गरेको छ। योजनामा पूर्वाधार, शिक्षा र स्वास्थ्यसम्बन्धी ६६ परियोजना समेटिएका छन्। बोर्डका अनुसार गाजाको पुनर्निर्माणका लागि मध्यम अवधिमा करिब ३५ अर्ब २० करोड डलर आवश्यक पर्नेछ भने आगामी १० वर्षमा थप ७१ अर्ब ४० करोड डलर खर्च हुन सक्नेछ।

उता, हर्मुज जलघाँटीमा बुधबार अर्को कार्गो जहाज अज्ञात प्रक्षेप्यबाट प्रहार भएको बेलायती समुद्री व्यापार सञ्चालन निकायले जनाएको छ। घटनामा दुई जनाको मृत्यु भएको, आगलागीपछि चालकदलले जहाज छाडेको र जहाज डुबेको जनाइएको छ । युद्धका कारण महत्त्वपूर्ण यस जलमार्गमा व्यावसायिक आवागमनसमेत प्रभावित भएको छ।

यसैबीच, कब्जामा रहेको वेस्ट ब्याङ्कमा अमेरिकी राजदूत येचिएल लेइटरका छोरा तथा इजरायली सेनाका रिजर्भ सैनिक नेरिया लेइटर गम्भीर घाइते हुनुभएको छ। इजरायली अधिकारीका अनुसार एक प्यालेस्टिनी व्यक्तिले बेइट होरोन नजिकको सुरक्षा चौकीमा कार ठोक्काउँदा उहाँ घाइते हुनुभएको थियो। भाग्न खोज्ने ती व्यक्तिलाई इजरायली सेनाले गोली हानेर मारेको जनाइएको छ।

अर्कोतर्फ, इजरायलको निर्वाचन आयोगले अर्को महिना हुने संसदीय निर्वाचनमा प्रमुख अरब राजनीतिक दल तथा उम्मेदवारलाई सहभागी हुन अयोग्य ठहर गर्ने पक्षमा मतदान गरेको छ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको लिकुड पार्टीसहित दुई दक्षिणपन्थी दलको अनुरोधमा भएको उक्त निर्णयविरुद्ध रामका नेता मन्सुर अब्बासले सर्वोच्च अदालतमा अपिल गर्ने बताउनुभएको छ । अक्टोबर ७, २०२३ को हमास नेतृत्वको आक्रमणपछि इजरायलमा हुन लागेको यो पहिलो संसदीय निर्वाचन हुनेछ।

# जनकपुर बोल्ट्समा पाकिस्तानी अनुभवी ब्याटर इफ्तिखार

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो सिजनका लागि पाकिस्तानी अनुभवी ब्याटर इफ्तिखार अहमदलाई जनकपुर बोल्ट्सले अनुबन्ध गरेको छ।



जनकपुरले आगामी सिजनका लागि घोषणा गरेको उनी तेस्रो विदेशी खेलाडी हुन् । पहिलो संस्करणको च्याम्पियन जनकपुरले यसअघि अमेरिकाका अलराउन्डर हरमित सिंह र न्युजिल्यान्डका अलराउन्डर जिम्मी निसमलाई अनुबन्ध गरिसकेको छ । एसोसिएट क्रिकेटका प्रभावशाली खेलाडी हरमितले जनकपुरको कप्तानी गर्नेछन्।

३६ वर्षीय इफ्तिखारले पाकिस्तानका लागि ४ टेस्ट, २८ एकदिवसीय अन्तर्राष्ट्रिय र ६६ टि ट्वान्टी अन्तर्राष्ट्रिय खेल खेलेका छन्। एकदिवसीय अन्तर्राष्ट्रियमा उनको एकमात्र शतक नेपालविरुद्ध रहेको छ।

सन् २०२३ को एसिया कपमा मुल्तानमा नेपालविरुद्ध इफ्तिखारले ७१ बलमा ११ चौका र ४ छक्कासहित अविजित १ सय ९ रन बनाएका थिए। त्यसअघि उनले कराँचीमा न्युजिल्यान्डविरुद्ध अविजित ९४ रनको इनिङ खेलेका थिए।

इफ्तिखारले एकदिवसीय अन्तर्राष्ट्रियमा १०६ भन्दा माथि र टी-२० अन्तर्राष्ट्रियमा १२९ भन्दा माथिको स्ट्राइक रेटमा रन बनाएका छन्। ब्याटिङसँगै उनी अफ स्पिन बलिङ पनि गर्छन्। सन् २०२० मा जिम्बावेविरुद्धको एकदिवसीय खेलमा ४० रन खर्चेर ५ विकेट लिनु उनको उत्कृष्ट बलिङ प्रदर्शन रहेको छ।

इफ्तिखारले पाकिस्तानका लागि पछिल्लो पटक सन् २०२४ मा अमेरिकामा भएको टि- ट्वान्टी विश्वकप खेलेका थिए। उनले सबैखाले टि ट्वान्टी क्रिकेटमा ३२९ खेल खेल्दै ६ हजारभन्दा बढी रन बनाएका छन्।

जनकपुरका प्रमुख कार्यकारी अधिकृत निरोज खतिवडाले इफ्तिखारको आगमनले टोलीमा अनुभव, आक्रामकता र खेल जिताउने क्षमता थपिने जानकारी दिए। उनले गत सिजनको प्रदर्शनबाट पाठ सिक्दै यसपटक बलियो पुनरागमन गर्ने लक्ष्य रहेको बताए।

# बंगलादेशमा मानव अधिकार संरक्षण कमजोर पारिएको दाबी

एएफपी । बंगलादेशको संसद्ले सेप्टेम्बरमा पारित गरेका तीन नयाँ कानूनले मानव अधिकार संरक्षण र सुरक्षा निकायको जवाफदेहितासम्बन्धी व्यवस्था कमजोर बनाएको ह्युमन राइट्स वाचले जनाएको छ।

संस्थाका अनुसार नयाँ कानूनले राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) को स्वतन्त्रता तथा अनुसन्धान अधिकार सीमित गरेको छ । अन्तरिम सरकारले जबरजस्ती बेपत्ता, गैरन्यायिक हत्या तथा यातनाजस्ता घटनाको अनुसन्धान गर्न आयोगलाई थप अधिकार दिए पनि नयाँ कानूनले तीमध्ये केही अधिकार हटाएको संस्थाको दाबी छ।

आयोगको नियुक्ति प्रक्रिया तथा बजेट र प्रशासनिक स्वतन्त्रतामा पनि सरकारी प्रभाव बढाइएको बताइएको छ।

सेप्टेम्बर ६ मा पारित जबरजस्ती बेपत्ता रोकथाम तथा निवारण ऐनले आयोगको प्रत्यक्ष अनुसन्धान तथा गोप्य हिरासतस्थलको अनुगमनसम्बन्धी अधिकार सीमित गरेको र कमान्ड जिम्मेवारीसम्बन्धी कानूनी व्यवस्था पनि परिवर्तन गरेको ह्युमन राइट्स वाचले जनाएको छ।

त्यसैगरी, सेप्टेम्बर १० मा संसद्ले अर्धसैनिक र्‍यापिड एक्सन बटालियन (आरएबी) को नाम परिवर्तन गरी विशेष प्रतिक्रिया बटालियन (एसआरबी) बनाउने कानून पारित गरेको छ । आरएबीका कर्मचारी, अधिकार, सम्पत्ति र अभिलेख एसआरबीमा हस्तान्तरण गरिएको तथा नयाँ बलले सेप्टेम्बर १६ देखि काम थालेको संस्थाले जनाएको छ। आरएबीमाथि गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न भएको आरोपमा अमेरिकाले प्रतिबन्ध लगाएको थियो।

ह्युमन राइट्स वाचकी एसिया निर्देशक एलेन पियर्सनले विगतका मानव अधिकार उल्लङ्घन दोहोरिन नदिन स्वतन्त्र मानव अधिकार निकाय र सुरक्षा क्षेत्रको वास्तविक सुधार आवश्यक रहेको बताउनुभयो । संस्थाले बङ्गलादेशका अन्तर्राष्ट्रिय साझेदारलाई एसआरबीमाथि स्वतन्त्र निगरानी, मानव अधिकारसम्बन्धी कडा जाँच तथा गिरफ्तारी र हिरासतसम्बन्धी सुरक्षा व्यवस्था सुनिश्चित गर्न सरकारमाथि दबाब दिन आग्रह गरेको छ।

# युक्रेन युद्धमा ४७ देशका नागरिक संलग्न भएको जेलेन्स्कीको दाबी

एएफपी। युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसले युक्रेनविरुद्धको युद्धमा ४७ देशका नागरिकलाई लडाकूका रूपमा प्रयोग गरिरहेको दाबी गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै उहाँले रुससँग सैन्य सहकार्य गरिरहेको उत्तर कोरियाका दुई सैनिकलाई युक्रेनले पक्राउ गरी दक्षिण कोरिया पठाएको जानकारी दिनुभयो।



जेलेन्स्कीले घाना, नेपाल र भारतलगायत देशका नागरिक रुसी पक्षबाट युद्धमा संलग्न रहेको दाबी गर्नुभयो । उहाँका अनुसार सन् २०२५ मा रुसको कुर्स्क क्षेत्रमा पक्राउ परेका दुई उत्तर कोरियाली सैनिकलाई हालै दक्षिण कोरिया पठाइएको हो।

दक्षिण कोरियाको विदेश मन्त्रालयले सैनिकहरूलाई युक्रेनबाट दक्षिण कोरिया पठाइएको विषयमा प्रत्यक्ष पुष्टि गरेको छैन । यद्यपि युक्रेन तथा सम्बन्धित पक्षसँग सैनिकहरूको स्वतन्त्र इच्छाको सम्मान र अन्तर्राष्ट्रिय कानून तथा मानवीय सिद्धान्तअनुसार विषय टुङ्ग्याउन परामर्श भइरहेको जनाएको छ । सैनिकहरूको स्थानान्तरणसम्बन्धी विवरण भने संवेदनशील विषय भन्दै सार्वजनिक गरिएको छैन।

रुस र उत्तर कोरियाले सन् २०२५ को अप्रिलमा आफ्ना सैनिकले कुर्स्क क्षेत्रमा युक्रेनविरुद्ध सँगै लडेको पुष्टि गरेका थिए । दक्षिण कोरियाली गुप्तचर निकायले उत्तर कोरियाले सन् २०२४ को अक्टोबरदेखि रुसमा करिब १५ हजार सैनिक पठाएको र त्यसमध्ये करिब दुई हजारको मृत्यु भएको अनुमान गरेको थियो।

यसैबीच, जेलेन्स्कीले फिनल्यान्ड, अस्ट्रेलिया तथा अन्य साझेदारसँग ड्रोन र सुरक्षा सहकार्य विस्तार भइरहेको बताउनुभयो । क्यानाडासँग पनि ड्रोनसम्बन्धी सम्झौताको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

आगामी हिउँदमा रुसी ताप तथा ऊर्जा पूर्वाधारलाई लक्षित गर्न सक्ने चेतावनी दिँदै उहाँले रुसले युक्रेनका नागरिक ताप तथा इन्धन पूर्वाधारमा आक्रमण गर्दै आएको दाबी गर्नुभयो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले रुस र युक्रेनलाई एकअर्काको ऊर्जा पूर्वाधारमा आक्रमण नगर्न वासिङ्टनले दबाब दिइरहेको बताउनुभएको केही घण्टापछि उहाँको यस्तो भनाइ आएको हो।

जेलेन्स्कीले युक्रेनको उद्देश्य रुसको पेट्रोल तथा डिजेल आपूर्ति नष्ट गर्नु नभई युद्धका लागि आवश्यक आम्दानीको प्रमुख स्रोतमा असर पार्नु रहेको स्पष्ट पार्नुभयो । उहाँले रुससँगको व्यापारबाट प्राप्त आम्दानीले युद्ध लम्बिन सक्ने दाबी गर्दै व्यापार सीमित गर्न आग्रह गर्नुभयो।

# एसियाली खेलकुद प्रतियोगिताः कबड्डीमा नेपालको जित



काठमाण्डु । जापानमा जारी २०औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला कबड्डी खेलमा नेपालले श्रीलङ्कालाई हराउँदै प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ।

जापानको तोकाइ सिटिजन व्यायामशालामा बिहीबार भएको समूह चरणको अन्तिम खेलमा नेपालले श्रीलङ्कामाथि ३४-२५ को जित निकाल्दै प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो। यस जितसँगै नेपाली महिला टोलीले कबड्डीमा पदक जित्ने निश्चित भएको छ।

यसअघि चिनको हाङजाउमा भएको १९औँ एसियाली खेलकुद प्रतियोगितामा पनि नेपाली महिला टोलीले कास्य पदक जितेको थियो।

आज खेलको पहिलो हाफमा १९-१३ को जित निकालेको नेपाल दोस्रो हाफमा १५-१२ ले अघि रहँदै समग्रमा मलेसियामाथि ३४-२५ ले जित निकाल्न सफल भयो । समूह 'बी' मा रहेको नेपालले यसअघि थाइल्यान्डलाई हराएको थियो भने नेपाल चाइनिज ताइपेइसँग पराजित भएको थियो। समूह 'बी' बाट नेपालसँगै चाइनिज ताइपेइ पनि सेमिफाइनल प्रवेश गरेको छ।

त्यसैगरी, आजै भएको पुरुष कबड्डी खेलमा पनि नेपालले मलेसियामाथि जित हासिल गरेको थियो । समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले मलेसियामाथि ७३-५२ को जित हासिल गरेको हो।

नेपालले खेलको पहिलो हाफमै ३७-२१ को स्कोर बनाएको थियो । त्यस्तै खेलको दोस्रो हाफमा नेपालले मलेसियामाथि ३६-३१ अगाडि रहँदै समग्रमा २१ अङ्कले जित हासिल गर्‍यो।

यो नेपाली पुरुष टोलीको सान्त्वना जित हो । यसअघि नेपाल लगातार तीन खेलमा पराजित भएसँगै नेपाली पुरुष टोली प्रतियोगिताबाट बाहिरिएको छ। रासस

# एसियाली खेलकुद प्रतियोगिता : टेबलटेनिसमा नेपालका खेलाडी पराजित

काठमाण्डु । जापानमा जारी वीसौँ एसियाली खेलकुद प्रतियोगिता-२०२६ अन्तर्गत टेबलटेनिसको पुरुष एकल विधामा नेपालका खेलाडीद्वय रुबिन महर्जन र संयोग कपाली प्रतियोगिताको पहिलो चरणबाटै बाहिरिएका छन्।



जापानको नायोगास्थित काइ हल टोयोटामा बिहीबार भएको खेलमा रुबिन मकाउका खेलाडी टिन इयान माकसँग पराजित हुँदा संयोग यमनका इब्राहिम गुब्रानसँग पराजित भए । रुबिनले खेलको पहिलो सेट ११-५ ले गुमाए तर खेलको दोस्रो सेट भने आफनो पक्षमा पारे।

उनले दोस्रो सेटमा ११-३ को जित निकाले । तर उनी त्यसपछिको लगातार सेटमा पराजित भए। खेलको तेस्रो सेट ११-९, चौथो सेट ११-४ तथा पाँचौं सेट १२-१० ले गुमाए। यता संयोगले पनि यमनका खेलाडी इब्राहिम गुब्रानसँग समान ४-१ कै सेटमा पराजित भए। उनले खेलको पहिलो सेट ११-५ ले गुमाए भने खेलको दोस्रो सेट ११-८ ले पछि परे । त्यसपछि खेलको तेस्रो सेट ११-५ ले जित्दै खेलमा फर्किने प्रयास गरेता पनि सफल भएनन । त्यसपछि खेलको चौथो र पाँचौं सेट क्रमशः ११-७ र ११-६ ले पराजित हुन पुगे। रासस

# एआई सुरक्षाका लागि विश्वव्यापी मापदण्डमा जोड

एएफपी । प्रमुख कृत्रिम बौद्धिकता (एआई) कम्पनीका प्रमुखहरूले तीव्र रूपमा विकसित भइरहेको प्रविधिको सुरक्षित प्रयोगका लागि विश्वव्यापी मापदण्ड र सुरक्षा व्यवस्था आवश्यक रहेको बताएका छन्।



संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकमा एन्थ्रोपिकका प्रमुख कार्यकारी अधिकृत डारियो अमोदेई र ओपनएआईका प्रमुख कार्यकारी अधिकृत साम अल्टम्यानले एआईको क्षमता बढ्दै जाँदा मानिसको नियन्त्रण कमजोर हुन सक्ने जोखिम औँल्याउनुभयो । अमोदेईले एआईबाट जैविक हतियार निर्माण रोक्न अन्तर्राष्ट्रिय सहमति, प्रणालीको क्षमता परीक्षण तथा जोखिम मूल्याङ्कनका साझा मापदण्ड आवश्यक रहेको बताउनुभयो।

बेलायतका विदेशमन्त्री एड मिलिब्यान्डले पनि एआईको सुरक्षित विकासका लागि अन्तर्राष्ट्रिय मापदण्ड बनाउनुपर्ने बताउनुभएको छ । बेलायतले आगामी वर्ष जी-२० को अध्यक्षता गर्दा एआईको सुरक्षित विकासलाई प्राथमिकताका साथ उठाउने उहाँले जानकारी दिनुभयो।

> युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युद्धका क्रममा मानिसको स ा एआईले निर्णय गर्ने अवस्था आउनुअघि मानव नियन्त्रण सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

तर अमेरिकी पक्षले एआई विकासलाई नयाँ विश्वव्यापी शासन संरचनाबाट सीमित गर्ने प्रयासप्रति सावधानी अपनाउन आग्रह गरेको छ। ह्वाइट हाउसका विज्ञान सल्लाहकार माइकल क्रेटसिओसले एआईसम्बन्धी जोखिमका कारण प्रविधिको विकास रोक्न नहुने बताउनुभयो। चीनका लागि संयुक्त राष्ट्रसङ्घीय राजदूत फु कङले भने एआई विकासमा सबै मुलुकलाई समान अवसर दिनुपर्ने र प्रविधिलाई केही शक्तिशाली मुलुकबीचको प्रतिस्पर्धामा सीमित गर्न नहुने धारणा राख्नुभयो।

बैठकमा एआईबाट जीवन र मृत्युका निर्णय गर्ने अवस्था तथा स्वचालित हतियारको सम्भावित जोखिमबारे पनि चिन्ता व्यक्त गरिएको थियो। युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युद्धका क्रममा मानिसको सट्टा एआईले निर्णय गर्ने अवस्था आउनुअघि मानव नियन्त्रण सुनिश्चित गर्नुपर्ने बताउनुभयो।

यसैबीच, अमेरिका र चीनबीच एआईसम्बन्धी सुरक्षा घटनाबारे सूचना आदानप्रदान गर्ने सम्भावित नयाँ संयन्त्रबारे छलफल भइरहेको अमेरिकी अधिकारीहरूले बताएका छन् । बैठकले एआईबाट प्राप्त हुने लाभसँगै यसको सुरक्षा, मानव नियन्त्रण र जवाफदेहिताका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेको बहसलाई थप अघि बढाएको छ।

# औद्योगिक रोबोटमा चीनको हिस्सा ५९ प्रतिशत

एएफपी । विश्वमा जडान हुने औद्योगिक रोबोटमा चीनको हिस्सा ५९ प्रतिशत पुगेको छ । 'विश्व रोबोटिक्स २०२६' प्रतिवेदनअनुसार सन् २०२५ मा चीनमा तीन लाख ५४ हजार औद्योगिक रोबोट जडान भएका थिए। यो आँकडा अघिल्लो वर्षको तुलनामा २० प्रतिशत बढी हो।

फ्र्याङ्कफर्टस्थित अन्तर्राष्ट्रिय रोबोटिक्स महासङ्घ (आइएफआर) का अध्यक्ष जेन हेफनरले एक दशकअघि सुरु गरिएको राष्ट्रिय रोबोटिक्स रणनीतिका कारण चीनले औद्योगिक क्षेत्रको आधुनिकीकरणमा उल्लेख्य प्रगति गरेको बताउनुभयो । चीनको १५औँ पञ्चवर्षीय योजना (२०२६-२०३०) ले पनि रोबोटिक्स र कृत्रिम बौद्धिकताको प्रयोगलाई प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो।

चीनमा औद्योगिक रोबोटको माग विद्युतीय तथा विद्युतीय उपकरण, मोटर वाहन, धातु र मेसिनरी उद्योगबाट बढी आएको छ । सन् २०२५ मा विद्युतीय तथा विद्युतीय उपकरण उद्योगमा ९६ हजार चार सय, मोटर वाहन उद्योगमा ७८ हजार नौ सय र धातु तथा मेसिनरी उद्योगमा ७८ हजार सात सय रोबोट जडान भएका थिए।

चिनियाँ रोबोट निर्माता कम्पनीको घरेलु बजारमा हिस्सा पनि बढेको छ।

# इसेवा र सिटिजन्स बैंकको सहकार्यमा 'स्वावलम्बनकर्जा' शुरु



**टुडे समाचारदाता**

काठमाण्डु । इसेवा र सिटिजन्स बैंक इन्टरनेसनलको सहकार्यमा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित डिजिटल कर्जा सुविधा 'स्वावलम्बन कर्जा' शुरु गरिएको छ । काठमाण्डुस्थित भिभान्तामा आयोजित एक कार्यक्रमबीच शुरु गरिएको यस सुविधाले कर्जा लिन आवश्यक लामो प्रक्रिया, कागजी काम तथा भौतिक उपस्थितिलाई सहज बनाउने उद्देश्य राखेको छ ।

कार्यक्रममा इसेवा, सिटिजन्स बैंक इन्टरनेसनल, राष्ट्रिय अपाङ्गमहासंघ नेपाल, विकास साझेदार संस्था, अपाङ्गता भएका व्यक्ति तथा सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति थियो ।

'स्वावलम्बन कर्जा' मार्फत योग्य अपाङ्गता भएका व्यक्तिहरूले इसेवा एपबाटै कर्जाका लागि आवेदन दिन सक्ने छन् । यस सुविधा अन्तर्गत

रु. १० हजारदेखि रु. २ लाखसम्म कर्जा लिन सकिने छ । कर्जाको ब्याजदर वार्षिक ९.९९ प्रतिशत र प्रशोधन शुल्क ०.७५ प्रतिशत रहेको छ । योग्य प्रयोगकर्ताले इसेवा एपको गृहपृष्ठमा रहेको 'स्वावलम्बन कर्जा' ब्यानरमा क्लिक गरी आवेदन प्रक्रिया पूरा गर्न सक्ने छन् ।

कर्जाका लागि प्रयोगकर्ताको इसेवा खाता केवाईसी प्रमाणित भएको, नेपाल सरकारबाट जारी अपाङ्गता परिचयपत्र भएको, कम्तीमा ६ महिनादेखि इसेवा प्रयोग गर्दै आएको तथा तलब वा व्यवसायबाट नियमित आम्दानी हुने हुनुपर्ने छ । कर्जा स्वीकृति सम्बन्धित मूल्यांकन तथा लागू हुने नियम बैंकको सर्त अनुसार हुनेछ ।

कार्यक्रममा बोल्दै इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले 'स्वावलम्बन कर्जा' मार्फत डिजिटल प्रविधिको प्रयोग गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि कर्जामा पहुँचलाई सरल र सहज बनाउन खोजिएको बताए । यसले उहाँहरूलाई वित्तीयसेवामाथप सहज रूपमा सहभागीहुन सहयोग पुग्ने विश्वास लिएका छौं । स्वावलम्बन कर्जा एउटा उत्पादन मात्र नभएर एउटा अवधारणाको सुरुवात हो । कुनै पनिव्यक्तिको वित्तीय पहुँच उसको शारीरिक अवस्थाका कारण सीमितहुनु हुँदैन ।"

त्यस्तै, सिटिजन्स बैंक इन्टरनेसनलका प्रमुख सञ्चालन अधिकृत रोशन मानन्धरले अपाङ्गता भएका व्यक्तिहरूको औपचारिक कर्जामा पहुँच विस्तार गर्न इसेवासँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताए ।

उनले भने, "अपाङ्गता भएका व्यक्तिहरूलाई औपचारिक कर्जामा पहुँच विस्तार गर्न इसेवासँग सहकार्य गर्न पाउँदा हामी खुसी छौं । स्वावलम्बन कर्जाले उहाँहरूको व्यक्तिगत तथा आर्थिक आवश्यकतालाई सहयोग गर्ने वित्तीय समाधान उपलब्ध गराउने अपेक्षा गरेका छौं । हामीले केही फरक र नयाँ गरौं भन्ने सोचिरहेका थियौं । इसेवाले ल्याएको यो अभियानमा सहकार्य गर्न पाउँदा अत्यन्तै गौरव लागेको छ । यसले एक प्रकारको इकोसिस्टम नै सिर्जना गरोस्भन्ने मेरो चाहना छ ।"

कार्यक्रममा संस्थाका नेतृत्वको मन्तव्यसँगै 'स्वावलम्बन कर्जा' सुविधाबारे जानकारी, प्रत्यक्षकर्जा वितरण, एक सहभागीको अनुभव तथा यस पहल सम्बन्धी वृत्तचित्रसमेत प्रस्तुत गरिएको थियो ।

# बहुगुणी कन्दमूल ओलबाटै पनि प्रशस्त आम्दानी...

सर्लाही । सर्लाहीको बरहथवा क्षेत्रका किसानले बहुगुणी कन्दमूल ओलखेतीबाटै पनि मनग्य आम्दानी गरिरहेको पाइएको छ ।

खासै सिँचाइको समेत आवश्यकता नपर्ने उक्त खेतीबाट लगानी कटाएर अरु बालीनालीभन्दा राम्रो आम्दानी लिन सकिने भएपछि यहाँका किसान ओलखेतीतर्फ आकर्षण बढेको हो ।

बरहथवा नगरपालिका-१५ पिप्राभित्ताका किसान किशोरी साह ओल खेतीबाट कम्तीमा प्रतिकठ्ठा रु ५० हजार आम्दानी लिन सकिने बताउनुहुन्छ । उहाँले गत वर्ष प्रतिकठ्ठा रु एक लाखसम्म आम्दानी लिएको बताउनुभयो । कृषक साहले यस वर्ष डेढ बिघा खेतमा उक्त खेती लगाउनुभएको छ ।

"पाँच कठ्ठाको ओल बिग्रियो सुरुमै खनेर बेचिदिए", उहाँले भन्नुभयो, "त्यसबाट रु दुई लाख ५० हजार आम्दानी भयो । बाँकी खन्ने काम भइरहेको छ ।" साहले आफ्नोसँगै अरु किसानको ओल र तरुललगायतको तरकारी ठेक्कामा किनेर बजार लैजाने गर्नुभएको छ । "म आफैं खेती पनि गर्छु", साहले भन्नुभयो, "यहाँ किसानले लगाउनुभएको ओल, आलु, सखरखण्ड, तरुल खेतै हुन्डा लिएर बजार लैजान्छु ।"

काठमाडौंको कालीमाटी र बल्खुलगायतका तरकारी बजारमा होलसेल बिक्री गर्दै आउनुभएका साहले । बालुवा वा पाँगो माटोमा राम्रो उत्पादन हुने उक्त कन्दमूलका लागि सुक्खा जग्गा राम्रो हुने बताउनुहुन्छ । "अन्य खेतीका लागि पानी, मलखाद धेरै चाहिन्छ", उहाँले भन्नुभयो,



"यो खेतीले किसानलाई निकै राहत मिलेको छ ।" ओलका लागि सिँचाइ अभावले समस्या नहुने, कृषि मजदुर पनि थोरै भए पुग्ने उहाँको भनाइ छ ।

किसानले उत्पादन गरेको ओल काठमाडौं, हेटौंडा, वीरगञ्ज, जनकपुर, विराटनगर, झापा, बुटवल, पोखरासम्मका व्यापारी आएर लैजाने गरेको बरहथवा नगरपालिका-५ का अर्का किसान घुरन महतोले सुनाउनुभयो । उहाँले भन्नुभयो, "फागुन चैतमा रोपेको ओल भदौबाट खन्न सुरु गरिन्छ । प्रतिकठ्ठा ओलले २० देखि २२ क्विन्टलसम्म उत्पादन दिन्छ । एउटा बोटमै १० देखि १२ किलोसम्मको ओल फल्ने गरेको छ ।"

कृषक महतोका अनुसार गत वर्ष ओल रु ८० देखि रु १०० किलोसम्म बजारमा बिक्री भयो । अहिले रु ४५ देखी ६५ रु किलोसम्म बिक्री भइरहेको छ । तराई मधेसमा स्वादिष्ट तरकारीको रुपमा ओल धेरै प्रयोग हुने गरेको छ ।

अर्का कृषक वीरेन्द्र यादव भन्नुहुन्छ, "महँगो तरकारीको रुपमा परिचय रहेको ओलबारे एउटा भनाइ छ । 'चैतमा परबर भदौमा ओल', 'कि खाए राजा कि खाए चोर' ती महिनामा ती दुई जातका तरकारी तराईमा निकै महँगोमा बिक्छ । वीरलै पाइने भएकाले त्यो सबैको पहुँचमा हुँदैन ।

**स्वास्थ्यको हिसाबले अधिक उपयोगी**

ओल स्वास्थ्यको लागि निकै उपयोगी पोषण युक्त तरकारी भएकाले यसलाई बहुगुणी कन्दमूलको रुपमा उल्लेख गरेको पाइन्छ । प्रसस्त फाइबर, पोटासियम, कार्बोहाइड्रेट, वनस्पतिजन्य एन्टिअक्सिडेन्ट भरपुर मात्रामा पाइने भएकाले ओलले शरीरलाई स्वस्थ राख्न मद्दत पुग्ने आयुर्वेद चिकित्साले समेत भनेको छ । यसमा पाइने फाइबरले पाचन प्रणालीमा धेरै फाइदा पुर्याउने विज्ञको मत छ ।

तराई मधेसमा विशेष गरी तरकारी, चटनी, तरुवा बनाएर प्रयोग गरिने ओल लामो समय शरीरलाई आडिलो बनाइराख्ने भएकाले छिट्टो भोक लाग्दैन । आलु, पिँडालुलगायतको तरकारीको विकल्पमा समेत ओलको प्रयोग हुने गरेको छ ।

ओलका परिकार, तयार गर्ने विधिलगायतका विषयमा उपभोक्तालाई ज्ञान नभएकाले यसको गुणबारे धेरैलाई थाह नहुँदा बजार सानो रहेको व्यपारीहरुको बुझाइ छ । केही पहाडी जिल्लाका बजारसम्म ओल पुऱ्याइने गरेको भए पनि यसलाई मधेसको खाद्यान्नको रुपमा मात्र हेर्ने गरिएको व्यापारी कञ्चन महतोले बताउनुभयो ।

"सामान्यतया ओल पिँडालुजस्तै कन्दमूल हो", उहाँले भन्नुभयो, "पिँडालुजस्तै काँचो शरीरमा लाग्यो वा खाइयो भने शरीर घाटी जिब्रो चिलाउने कोक्याउने हुन्छ । तर, मज्जाले पकाएर खाँदा पिँडालुजस्तै स्वादिलो हुन्छ ।" यसको स्वाद बुझेकाले भने खोजेर खाने गरेका उहाँले बताउनुभयो ।

ओलको उपयोगिता र प्रचारप्रसार नभएका कारण मुलुकका सबै ठाउँमा पर्याप्त व्यपार हुन नसकेको व्यापारीको प्रतिक्रिया छ । मधेश प्रदेशको सर्लाही, महोत्तरी र रौतहटलगायतका जिल्लामा उत्पादित ओल भारतीय बजारमा राम्रो मूल्यमा बिक्री हुँदैआएको छ । रासस

# कृषि पर्यटनबाट समृद्धिको अभियानमा लमजुङको पुमा गाउँ

पुमा गाउँ । कृषिप्रतिको अनिच्छासँगै गाउँ तथा बस्तीहरू उजाडिँदै गएका अवस्थामा लमजुङ जिल्लाको बैँसीसहर नगरपालिका-६ स्थित पुमा गाउँ कृषि पर्यटनबाट समृद्धि खोज्नेतर्फ अग्रसर देखिन्छ । स्थानीयवासीको सङ्गठित प्रयाससँगै यहाँका ५४ घरधुरी पुमा एग्रो प्रालिमा आबद्ध हुँदै बाँझो तथा प्रयोगविहीन जमिन एवम् स्थानीय जनशक्तिको अधिकतम उपयोग गर्दै कृषि पर्यटनलाई एकीकृत रुपमा विकास गर्ने अभियानमा जुटेका हुन् ।

समुन्द्री सतहदेखि करिब एक हजार ६०० मिटरको उचाइमा रही अन्नपूर्ण र मनास्लुलगायत हिमशृ्ङ्खला लाहरूको सुन्दर दृश्यावलोकन गर्न सकिने यो गाउँमा कृषि पर्यटनका माध्यमबाट स्थानीयवासीको आयआर्जन अभिवृद्धि गराउँदै अधिकतम पर्यटकहरू आकर्षित गर्ने लक्ष्य राखिएको पुमा एग्रो प्रालिका अध्यक्ष बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो ।

पुमा गाउँमा यसअघि नै सामुदायिक घरबास 'होमस्टे'को पूर्वाधार विकास भइसकेको बताउँदै उहाँले भौगोलिक एवम् प्राकृतिक रुपमा कृषि, पशुपालन तथा पर्यटनका लागि सम्भावनायुक्त क्षेत्र भए पनि पर्याप्त लगानी, आधुनिक कृषि प्रविधि, पूर्वाधार, बजार व्यवस्थापन तथा जनशक्ति अभावका कारण यो क्षेत्रपछि परेको उहाँले बताउनुभयो । "गाउँमा रहेको ठूलो भूभाग खेतीयोग्य भए पनि पूर्ण रुपमा उपयोग गर्न नसकिएको वास्तविकतामा यसलाई कृषि पर्यटनका माध्यमबाट उपयोग गर्न खोजिएको हो," उहाँले भन्नुभयो ।

उहाँका अनुसार पुमा एग्रो प्रालिमार्फत यहाँको करिब एक हजार ४०० रोपनी जग्गा (भूमिदान, खरिद र भाडामा लिएर) लाई चरणबद्ध रुपमा उपयोग गर्ने योजना अघि सारिएको छ । सदरमुकाम बैँसीसहरबाट जम्मा १० किलोमिटरको दूरीमा पुमा गाउँ रहेको छ । यहाँको जग्गालाई चरणबद्ध रुपमा उपयोग गर्दै कफी, आरुबखडा, टिमुर, तरकारी तथा अन्य स्थानीय उत्पादनको व्यावसायिक खेती विस्तार गर्ने लक्ष्य राखिएको छ ।

त्यस्तै, मौरीपालन, स्थानीय प्रजातिका कुखुरा, बाख्रा तथा भैँसीपालन र स्थानीय उत्पादनमा आधारित भान्साघर सञ्चालन गरी उत्पादनदेखि बजारसम्मको मूल्य शृ्ङ्खला निर्माण गर्ने योजना राखिएको छ । भूमि उपयोग योजनाअन्तर्गत कफी र आरुबखडा बिरुवा एक हजार रोपनीमा लगाइने बताउँदै उहाँले टिमुर र मौरीपालन २०० रोपनीमा गर्न लागिएको बताउनुभयो ।

त्यस्तै, कुखुरा र पशुपालन



एक सय रोपनीमा, भान्सा घर र तरकारी एक सय रोपनीमा विस्तार गरिने गुरुङले जानकारी दिनुभयो । यस वर्षदेखि सुरु गर्न लागिएको परियोजनाअन्तर्गत उत्पादनका लागि पाँचवर्षे योजना अघि सारिएको छ । संस्थाले कफी खेतीका लागि पहिलोदेखि पाँचौं वर्षसम्म क्रमशः १० हजार, २० हजार, २० हजार र ३० हजार गरी ५० हजार कफीका बोट लगाउने लक्ष्य राखेको छ । आरुबखडा पाँच वर्षमा हरेक वर्ष दुई/दुई हजार गरी १० हजारको सङ्ख्यामा लगाउने योजना राखेको छ भने टिमुर हरेक वर्ष चार/चार सय बोटका दरले दुई हजार लगाउने योजना छ ।

त्यस्तै, पाँच वर्षमा सुरुको वर्ष ५० वटा मौरीघार वितरण गरिने र त्यसपछि तीन वर्ष १००/१०० घार तथा पछिल्लो वर्ष १५० वटा मौरी घार वितरण गर्ने योजना छ । स्थानीय जातका कुखुरापालनका लागि पहिलो दुई वर्ष दुई हजार ४००, तेस्रो वर्ष तीन हजार र पछिल्ला दुई वर्ष तीन हजार ६०० सङ्ख्यामा पालिने उल्लेख गरिएको छ ।

त्यस्तै, दुहुनो भैँसी दोस्रो वर्षदेखि दुई/दुई वटा र पछिल्ला दुई वर्ष तीन/तीन वटा तथा दुहुनो बाख्रा दोस्रो र तेस्रो वर्ष ३०/३० वटा चौथो र पाँचौं वर्ष ५०/५० वटा थप्ने योजना छ । परियोजनाअन्तर्गत सबै कामका लागि रु चार करोड २४ लाख लागत अनुमान गरिएको अध्यक्ष गुरुङले बताउनुभयो ।

प्रालिका सञ्चालक सदस्य एवम् कार्यपालिका सदस्य सुकमाया गुरुङका अनुसार परियोजनाअन्तर्गत कृषि पर्यटनका माध्यमबाट युवा तथा महिलालाई उद्यमी बन्न प्रेरित गर्ने, स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने, कृषि उत्पादन वृद्धि, स्थानीय अर्थतन्त्रको विकास गर्ने लक्ष्य राखिएको छ । बाँझो जमिनको सदुपयोग, गाउँबाट हुने बसाइँसराइ न्यूनीकरण गर्दै सहर भरेका स्थानीयलाई गाउँमा बसाइँ फर्काउने अभियानका साथ यो पहल गरिएको उहाँले जानकारी दिनुभयो ।

गाउँमा २०७५ सालदेखि घरबास कार्यक्रम पनि सञ्चालन भइरहेको उल्लेख गर्दै उहाँले परियोजनाको सुरुआतीमा भान्छाघर निर्माण गरी त्यसलाई सञ्चालन गरिने बताउनुभयो । संस्थाले आगामी पाँच वर्षमा २७ जनालाई स्थायी र धेरैलाई अस्थायी रोजगारी प्रदान गर्ने तथा स्थानीय युवा र महिला किसानका साथै समुदायलाई समेत उद्यमसँग जोड्ने लक्ष्य लिएको छ ।

यस परियोजनालाई दीर्घकालीन रुपमा कृषि, पशुपालन, मौरीपालन, कृषि प्रशोधन, भान्सा घर तथा होमस्टे सञ्चालन र पर्यटनलाई एकै ठाउँमा जोडिएको नमूना एकीकृत कृषि उद्यमका रुपमा विकास गर्ने परिकल्पना रहेको उहाँको भनाइ छ ।

अध्यक्ष गुरुङका अनुसार यस गाउँमा स्थानीयले विगत चार वर्षयता आरुबखडाको वाइन, जुस, जाम आदि बनाउने प्रयास थालिसकेका छन् । परियोजनाअन्तर्गत आरुबखडाको खेती विस्तार गर्दै यसबाट बन्ने वाइन, जुस, जामलगायत परिकारहरू बनाइने उहाँले बताउनुभयो ।

आरुबखडासहित यसबाट बन्ने परिकारका साथै स्थानीय उत्पादनलाई 'ब्रान्डिङ' गरी बजारमा प्रतिस्पर्धी र उच्च मूल्य प्राप्त गर्ने कृषि उद्यम निर्माण गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । गाउँमा आउने पर्यटकलाई स्थानीय उत्पादनकै परिकार खुवाउनाका साथै यहाँबाट जाँदा लैजाने कोसेली पनि गाउँमा नै तयार गर्ने लक्ष्य राखिएको छ । गाउँमा उत्पादित आरुबखडा, कफी, टिमुर, तरकारी, मह, दूध, मासु तथा स्थानीय कुखुराको बजारीकरणलाई पनि व्यवस्थित बनाउने गरी सोच अघि बढाइएको उहाँले बताउनुभयो ।

कृषि पर्यटनका माध्यमबाट स्थानीय उत्पादन वृद्धि हुनाका साथै रोजगारी सृजना, स्थानीय आय वृद्धि, बाँझो जमिनको प्रयोग र गाउँको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय कृषक तथा समुदायलाई आधुनिक कृषि प्रविधि, सीप र उद्यमशीलतासँग जोड्नाका साथै कृषि, पशुपालन, मौरीपालन र ग्रामीण पर्यटनलाई जोडेर कृषि पर्यटनको नमूना गन्तव्य विकास गर्ने लक्ष्य लिइएको छ । परियोजना सम्पन्न भएपछि प्रालिमार्फत हुने नाफाको २० प्रतिशत रकमको कल्याणकारी कोष स्थापना गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । यो कोष एकल महिला/पुरुष, गरिब तथा जेहेन्दार प्रतिशत मुनाफा गाउँमा बस्ने प्रत्येक घरधुरीलाई दामासाहीले पुमा गाउँ टोल सुधार समितिको सिफारिसमा वितरण गरिनेछ ।

परियोजना आर्थिक रुपमा सम्भावनायुक्त, सामाजिक रुपमा उपयोगी, वातावरणीय रुपमा दिगो र स्थानीय विकासका दृष्टिले महत्वपूर्ण रहेको हुँदा सम्बन्धित सरकारी निकायहरूबाट आवश्यक साथ र सहयोग प्राप्त हुने विश्वास लिइएको उहाँले बताउनुभयो । पुमा गाउँ टोल सुधार समितिका अध्यक्ष गणेशकुमार गुरुङका अनुसार पुमा गाउँ कृषि पर्यटनसँगै धार्मिक पर्यटनमा पनि उत्तिकै सम्भावना बोकेको गाउँ हो ।

गाउँको सिरानमा रहेको कन्यादेवी मन्दिर यहाँको प्राचीन धार्मिक महत्वको तीर्थस्थलका रुपमा रहेको उहाँले बताउनुभयो । कृषि पर्यटनको विकाससँगै यस मन्दिरको धार्मिक महत्वलाई समेत जोड्दै धार्मिक पर्यटनको गन्तव्यका रुपमा पनि विकास गर्न सकिने बताउँदै उहाँले मन्दिरमा पूजापाठ गर्नाले मनोकामना पूरा हुने विश्वास रहेको जानकारी दिनुभयो । उक्त विश्वास व्यवहारमा नै परिणत भएको प्रत्यक्ष देखे भोगेको उहाँको अनुभव छ ।

यहाँ घरबासमा आउने पर्यटकलाई स्थानीयले गाउँमा नै उत्पादन भएका परिकार खुवाउने गरेका छन् । कोदोको ढिँडो, रोटी, लोकल कुखुराको मासु, स्थानीय मदिरा, रातो भट्ट, मकै, फर्सी, बन्दा, काउली, ब्रोकाउली, आलुलगायत कृषिजन्य उत्पादन गाउँमा नै फलाउने गरेका स्थानीयले मौसमअनुसार यहीँ वरपर पाइने कुरिलो, निउरो, सिस्नोलगायत परिकार पनि खुवाउने गरेका छन् ।

गाउँको माथि रहेको बाघ बाँध्ने ढुङ्गा यहाँको अर्को आकर्षण भएको उहाँले बताउनुभयो । प्राचीनकालदेखिनै जमिनमागाडिएको यो ढुङ्गा जमिनमाथि नै १० फुट अग्लो रहेको छ । यस ठाउँबाट लमजुङ हिमाल, अन्नपूर्ण, मनास्लुलगायतमा हिमशृ्ङ्खला लाहरू नाङ्गो आँखाले देख्न सकिन्छ । नगरपालिकाको रु चार लाख सहयोगमा गाउँबाट बाघ बाँध्ने ढुङ्गासम्म बाटो लगिएको छ । कृषि पर्यटनसँगै यहाँको प्रकृति, संस्कृति र धार्मिक सम्पदालाई पर्यटकीय रुपमा उपयोग गर्ने आफूहरूको दीर्घकालीन सोच रहेको उहाँको भनाइ छ । रासस

# बबई लिफ्टिङ आयोजना छिटो सम्पन्न गर्न तुलसीपुरवासीको हारगुहार

दाङ । तुलसीपुरवासीलाई गुणस्तरीय शुद्ध खानेपानी पुऱ्याउने उद्देश्यले साढे तीन वर्षअघि सुरु गरिएको बबई लिफ्टिङ योजना अझै अधुरो अवस्थामा छ ।

आयोजना समयमा सम्पन्न नहुँदा उपभोक्ता आधारभूत खानेपानी पाउने हकबाट समेत वञ्चित हुन परेको छ । तुलसीपुर उपमहानगरपालिका-६ का सुशीला भट्टराई गुणस्तरीय खानेपानी पाउन त परैजाओस् एक वर्षदेखि धारामा पानी नआउँदा समस्या भोग्नुपरेको गुनासो गर्नुहुन्छ ।

उपभोक्ता तथा सरसफाइ संस्थाले सुरु गरेको बबई लिफिटङ खानेपानी आयोजना लामो समयसम्म



अल्झि रहेपछि स्थानीयवासी पटक-पटक खानेपानी संस्थामा पुगी छिटो सम्पन्न गर्न हारगुहार गरिरहनुभएको छ ।

संस्थानबाट बबईको लिफिटङ परियोजना सम्पन्न भएपछि मात्र तुलसीपुरमा खानेपानीका समस्याको समाधान हुने जवाफ पाउने गरेको उहाँले गुनासो गर्नुभयो ।

उहाँ भन्नुहुन्छ, "गर्मीयाममा संस्थाले ट्याङकरबाट निःशुल्क पानी वितरण गरेपनि साउनदेखि भने छिमेकी गाउँबाट पानी ल्याएर पिउने गरिएको छ ।

आयोजना समयमा पूरा नहुँदा घरमा सरसफाइ, शौचालय तथा अन्य कामका लागि प्रयोग गरिने पानी महगो शुल्क तिरेर ट्याङ्करबाट ल्याउन बाध्य परेको उहाँको भनाइ छ । यो समस्या सुशिलाको मात्र नभई टोलका २५ घर परिवारले लामो समयदेखि भोग्न परेको छ ।

खानेपानी संस्थाको सहलगानीमा अघि बढिरहेको लिफ्टिङ योजनामा विद्युत जडानलगायतका केही महत्वपूर्ण काम अझै बाँकी रहेको जनाइएको छ ।रासस


## श्री क्षीरेश्वर जनता माध्यमिक विद्यालय

**सखुवा–महेन्द्रनगर, धनुषा**

## शिक्षक आवश्यक सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०९**

यस क्षीरेश्वर जनता मा.वि., महेन्द्रनगर धनुषाका लागि तपसिल बमोजिम (मा.वि. शिक्षक तथा नि.मा.वि. शिक्षक) पदमा करार सेवामा नियुक्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो व्यक्तिगत विवरण को प्रतिलिपि संलग्न गरी यस क्षीरेश्वर जनता मा.वि. महेन्द्रनगर धनुषाको सिद्धार्थ बैंक लिमिटेड खा.नं. ०२०१५०८०१७३ मा तोकिए बमोजिमको शुल्क बुझाएको सक्कलै बैंक भाउचर संलग्न गरी निवेदनसहित स्वयं उपस्थित भई विद्यालयको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल (रिक्त पद विवरण):**

| क्र.सं. | विज्ञापन नं. | पद | नियुक्तिको प्रकार | संख्या | तह/श्रेणी | शैक्षणिक योग्यता | दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८३-०८४ | मा.वि. शिक्षक (सामाजिक) | करार | १ | मा.वि. तृतीय | मान्यता प्राप्त शैक्षणिक संस्थाबाट मानविकी तथा शिक्षा शाखमा स्नातक उत्तीर्ण | रु. ५००/- |
| २ | २/२०८३-०८४ | नि.मा. शिक्षक (सामाजिक) | करार | १ | नि.मा. तृतीय | मान्यता प्राप्त शैक्षणिक संस्थाबाट मानविकी तथा शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण | रु. २५०/- |
| ३ | ३/२०८३-०८४ | नि.मा. शिक्षक (गणित) | करार | १ | नि.मा. तृतीय | मान्यता प्राप्त शैक्षणिक संस्थाबाट गणित विषयमा स्नातक उत्तीर्ण | रु. २५०/- |
| ४ | ४/२०८३-०८४ | नि.मा. शिक्षक (विज्ञान) | करार | २ | नि.मा. तृतीय | मान्यता प्राप्त शैक्षणिक संस्थाबाट विज्ञान विषयमा स्नातक उत्तीर्ण | रु. २५०/- |

**(१) आवश्यक कागजातहरू:**

- हस्तलिखित निवेदन, व्यक्तिगत विवरण (Bio–data), नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यता र अनुभवका प्रमाण-पत्रहरूको प्रतिलिपि, तह अनुसारको अध्यापन अनुमति पत्र (Licence) को प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, बैंक भौचरको सक्कल प्रति पेश गर्नुपर्ने ।

**(२) शर्तहरू तथा आवश्यक योग्यता:**

- तलब सुविधाः विद्यालयको नियमानुसार हुनेछ।
- निवेदन दिने अन्तिम मितिः २०८३/०६/२३ सम्म ।
- निवेदन पेश गर्ने स्थानः श्री क्षरिश्वर जनता मा. वि., प्रशासन शाखा।
- उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
- परीक्षाको किसिमः लिखित परीक्षा, कक्षा अध्यापन र कक्षा अवलोकन (मौखिक)।
- परीक्षा पाठ्यक्रमः सामान्य ज्ञानको परीक्षा २० पूर्णाङ्क, सम्बन्धित विषयको ५० पूर्णाङ्क र कक्षा अवलोकन ३० पूर्णाङ्कको रहने छ।
- महिलालाई विशेष ग्राह्यता दिइनेछ।
- विज्ञापन सम्बन्धी सम्पूर्ण अधिकार विद्यालयको छनौट समितिमा रहने छ।

**अनलाइन आवेदन:**

- स्वयं उपस्थित हुन नसक्ने इच्छुक उम्मेदवारहरूले यस विद्यालयको इमेल skjmv2021@gmail.com मार्फत आफ्नो शैक्षिक योग्यता, अनुभव तथा आवश्यक कागजातहरूको प्रतिलिपि संलग्न गरी आवेदन पठाउन सक्नेछन् । आवेदन पठाएपछि विद्यालयको सम्पर्क नम्बरमा समेत जानकारी गराउनुपर्नेछ ।
- सम्पर्क नं. प्रशासन ९८०७८९७४८४, प्र.अ. ९८४४४१४३४५ Gmail: skjmv2021@gmail.com

**प्रधानाध्यापक**

## प्रशाकीय अधिकृत हाजिर नहुँदा भंगहाको कामकाज प्रभावित




**टुडे समाचारदाता**

जलेश्वर।महोत्तरीकोभंगहा नगरपालिकामा मन्त्रालयबाट खटाइएका प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएपछि नगरपालिकाको प्रशासनिक तथा वित्तीय कामकाज प्रभावित भएको जनाएको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह कर्मचारी प्रशासन शाखाले २०८३ भदौ १ गतेको पत्रमार्फत खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो। तर, मन्त्रालयको पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल कार्यालयमा हाजिर नभएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका अनुसार प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउन सम्बन्धित मन्त्रालयमा पटकपटक जानकारी गराउँदै आवश्यक पहल र ताकेता गरिएको छ। तर, हालसम्म पनि उनी हाजिर भई जिम्मेवारी सम्हालेका छैनन्।

प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिका कारण कर्मचारी तथा पदाधिकारीको नियमित तलब, भत्ता तथा अन्य सेवा सुविधाको भुक्तानीलगायत प्रशासनिक र वित्तीय काम प्रभावित हुने अवस्था सिर्जना भएको नगरपालिकाको भनाइ छ।

विशेषगरी बडा दशैं नजिकिँदै गएको अवस्थामा कर्मचारी तथा पदाधिकारीले पाउनुपर्ने तलब-भत्ता समयमै उपलब्ध गराउन नसक्दा आर्थिक तथा व्यावहारिक समस्या उत्पन्न हुन सक्ने नगरपालिकाले जनाएको छ।

नगरपालिकाले दैनिक प्रशासनिक काम, विकास निर्माण, सेवा प्रवाह तथा वित्तीय व्यवस्थापनलाई नियमित बनाउन प्रमुख प्रशासकीय अधिकृतको तत्काल हाजिरी आवश्यक रहेको जनाएको छ। नगर प्रमुख संजिव कुमार साहले मन्त्रालयबाट खटाइएका भुसाललाई यथाशीघ्र हाजिर गराई जिम्मेवारी सम्हाल्ने व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयसँग आग्रह गरेका छन्।

नगरपालिकाले तीन दिनभित्र प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएमा अति आवश्यक सेवाबाहेक सम्पूर्ण कामकाज बन्द गर्ने चेतावनी समेत नगरप्रमुख साहले दिएका छन्।

## प्रदेशका ८ वटै जिल्लामा उच्च सतर्कता

# राहत तथा उद्धार टोली 'स्ट्याण्डबाई'

**टुडे समाचारदाता**

जनकपुरधाम । भारी वर्षासँगै बाढी र डुबानको जोखिम बढेपछि मधेश प्रदेशका आठवटै जिल्लामा सुरक्षा संयन्त्रलाई उच्च सतर्कतामा राखि उद्धार तथा राहत टोली तयारी अवस्थामा राखिएको छ।

सम्भावित विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई आवश्यक उद्धार तथा राहतका लागि तयारी अवस्थामा राखिएको मधेश प्रहरी कार्यालयले जनाएको छ।



मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीका अनुसार प्रदेशका सबै सुरक्षा संयन्त्रलाई विपद् व्यवस्थापनका लागि 'स्ट्यान्डबाइ' अवस्थामा राखिएको छ। आठवटै जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई सम्भावित जोखिमयुक्त क्षेत्र पहिचान गरी आवश्यक सुरक्षा सतर्कता अपनाउन निर्देशन दिइसकिएको उनले बताए।

उनका अनुसार जोखिम र अति जोखिमयुक्त क्षेत्र पहिचान गरेर स्थानीय प्रशासन तथा सम्बन्धित निकायसँग समन्वय गरी सुरक्षाकर्मी परिचालन गरिएको छ। सम्भावित बाढी, डुबान तथा अन्य विपद्का बेला तत्काल उद्धारमा खटिन सक्ने गरी जनशक्ति र आवश्यक स्रोतसाधन तयारी अवस्थामा राखिएको उनले जानकारी दिएका छन्।

राजमार्गमा निर्माणाधीन पुल, सडक तथा अन्य जोखिमयुक्त संरचनामा आकस्मिक बाढी आउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै निगरानी बढाउन निर्देशन दिइएको छ। प्रदेश विपद् व्यवस्थापन गुल्म वीरगञ्ज र जनकपुरधामलाई समेत उद्धार तथा विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा राखिएको प्रदेश प्रहरीले जनाएको छ।

यसैबीच, मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले समेत सुरक्षा निकायलाई उच्च सतर्कतासहित परिचालित हुन निर्देशन दिएको छ। बैठकले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच प्रभावकारी समन्वय कायम गर्दै सम्भावित विपद्को क्षति न्यूनीकरण तथा उद्धार कार्यलाई चुस्त बनाउन जोड दिएको छ।

यी क्षेत्रहरुमा उच्च सतर्ककता

मधेशमा बाढी तथा डुबानको जोखिम सबै जिल्लामा रहे पनि नदी तथा खोलाको बहाव र विगतको क्षतिको आधारमा केही क्षेत्र बढी संवेदनशील मानिन्छन्। रौतहटमा बागमती र लालबकैया नदीको बाढीका कारण सदरमुकाम गौरसहित राजदेवी, ईशनाथ, राजपुर, बौधीमाई, गढीमाई र मौलापुरका तटीय बस्ती प्रभावित हुने गरेका छन्।

धनुषामा कमला, जलाद र औरही नदीको बहाव बढ्दा गणेशमान चारनाथ, सबैला, शहीदनगर, कमला र विदेह नगरपालिकाका विभिन्न क्षेत्र जोखिममा पर्न सक्छन्। जनकपुरधाम उपमहानगरपालिकामा भने नदीजन्य बाढीभन्दा सहरी क्षेत्रमा प्रभावकारी ढल तथा निकासको अभावका कारण वर्षातमा डुबानको समस्या दोहोरिने गरेको छ।

सिरहामा कमला, बलान र स्थानीय खहरे खोलाका कारण सिरहा नगरपालिका, कल्याणपुर, कर्जन्हा, मिर्चैया तथा भगवानपुर क्षेत्र जोखिममा पर्ने गरेका छन्। सप्तरीमा सप्तकोशीसँगै खाँडो, महुली, जिता र बलान खोलाको बहाव बढ्दा हनुमाननगर कङ्कालिनी, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजविराज आसपासका बस्तीमा डुबानको जोखिम रहने गरेको छ।

सर्लाहीमा बागमती, लखनदेई र मनुसमारा नदीको बहाव बढ्दा बरहथवा, बलरा, गोडैता, कौडेना तथा बसबरिया क्षेत्र प्रभावित हुने जोखिम रहन्छ। महोत्तरीमा रातु, मडाहा, बिग्ही र अङ्कुशी नदीको कटान तथा बाढीका कारण जलेश्वर, मटिहानी, बलवा, मनरा सिसवा र एकडारा क्षेत्र संवेदनशील छन्। बारा र पर्सामा भने चुरे क्षेत्रबाट बग्ने खोलामा अचानक आउने बाढी र कटान प्रमुख जोखिमका रूपमा देखिन्छन्।

बारामा पसाहा, दुधौरा, बालगंगा र तिलावे नदीमा आउने आकस्मिक बाढीले कलैया तथा जीतपुरसिमरा उपमहानगरपालिकाका तल्लो तटीय क्षेत्रसहित परवानीपुर र देवताल गाउँपालिकाका केही क्षेत्र प्रभावित हुन सक्छन्।

पर्सामा ओरिया नदीको कटान तथा श्रीसिया र तिलावे नदीको बाढीका कारण जगरनाथपुर, धोबिनी, वीरगञ्ज महानगरपालिका र पोखरिया क्षेत्र जोखिममा पर्ने गरेका छन्।

जोखिममा रहेका यी क्षेत्रहरुमा प्रहरीले प्राथमिकतामा राख्दै उच्च सर्तकता अपनाएको छ। भारी वर्षाको सम्भावनाबीच मधेशमा सुरक्षा संयन्त्रलाई अग्रिम रूपमा परिचालन गर्नुको मुख्य उद्देश्य सम्भावित बाढी तथा डुबानपछि उद्धारका लागि पर्खिनुभन्दा जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र तत्काल प्रतिकार्य क्षमता कायम गर्नु रहेको सुरक्षा अधिकारीहरूको भनाइ छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार बंगालको खाडीमा विकसित गहिरो न्यूनचापीय प्रणाली भारतको आन्ध्र प्रदेश र दक्षिण ओडिशा तट हुँदै उत्तर-पश्चिमतर्फ सर्दै गएको छ। उक्त मौसमी प्रणालीको प्रभाव नेपालमा समेत परेको र कोशी, मधेश तथा बागमती प्रदेशका अधिकांश स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको पूर्वानुमान गरिएको छ।

## उच्च सतर्कता अपनाउन पालिकाहरुको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । मौसममा प्रतिकूल अवस्था देखिन सक्ने पूर्वानुमानसँगै धनुषाका पालिकाहरुले सर्वसाधारणसँग उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।




यसैबीच धनुषाको बटेश्वर गाउँपालिकाले असोज ९ गतेदेखि ११ गतेसम्म मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुनसक्ने भन्दै जोखिमयुक्त क्षेत्रमा विशेष सावधानी अपनाउन अनुरोध गरेको हो।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जारी गरेको विशेष मौसमी बुलेटिनलाई आधार बनाउँदै गाउँपालिकाले बिहीबार सार्वजनिक सूचना जारी गरेको हो। गाउँपालिकाले असोज ८ गतेदेखि १२ गतेसम्म अत्यावश्यक कामबाहेक लामो दूरीको यात्रा नगर्न आग्रह गरेको छ।

पहिरोको जोखिम भएका राजमार्ग तथा सडकखण्डमा विशेष सावधानी अपनाउन तथा सम्भावित जोखिमलाई ध्यानमा राख्दै रात्रिकालीन यात्रा बन्द वा स्थगित गर्नसमेत अनुरोध गरिएको छ।

यस्तै नगराईन नगरपालिकाले मौसमको प्रतिकूल अवस्था हेर्दै शुक्रवार विद्यालय बन्द गरेका छन्। नगरपालिकाले एक सूचना जारी

बाढीको जोखिम रहेका नदी, खोला तथा ताल आसपासका बासिन्दालाई जलसतहको अवस्था निरन्तर निगरानी गर्न र जोखिम बढेमा सुरक्षित स्थानतर्फ जान सक्ने गरी आवश्यक व्यवस्था मिलाउन सरोकारवाला निकायलाई आग्रह गरेको छ।

भारी वर्षा, चट्याङ, हावाहुरी तथा सम्भावित बाढीका कारण स्थानीयस्तरमा जनधन तथा कृषि क्षेत्रमा क्षति हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै गाउँपालिकाले पूर्वतयारी र सावधानीलाई प्राथमिकता दिन आग्रह गरेको हो।

यस्तै हंसपुर नगरपालिकाले आगामी तीन दिन भारी वर्षा तथा हावाहुरी आउन सक्ने भन्दै नगरवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। नगरपालिकाले सूचना जारी गर्दै हावाहुरीका क्रममा उड्न सक्ने टिन, होर्डिङ बोर्डलगायतका सामान सुरक्षित स्थानमा राख्न, घरका छाना तथा झ्यालढोका सुरक्षित बनाउन आग्रह गरेको छ।

त्यस्तै, विद्युतका पोल तथा तार, रुख र कमजोर संरचनाको आसपास नबस्न तथा हावाहुरी चलेका बेला अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन नगरपालिकाले अनुरोध गरेको छ।

आपत्कालीन अवस्था सिर्जना भएमा नजिकको वडा कार्यालय, प्रहरी कार्यालय वा नगरपालिकामा सम्पर्क गर्नसमेत नगरवासीलाई आग्रह गरिएको छ। नगरपालिकाले विपद् व्यवस्थापन फोकल पर्सन शत्रुधन साहसहित विभिन्न प्रहरी कार्यालय तथा नगर प्रहरीका सम्पर्क नम्बर सार्वजनिक गर्दै आपत्कालीन अवस्थामा तत्काल समन्वय गर्न आग्रह गरेको छ।

## उच्च सर्तकता अपनाउने पर्सा विपद् समितिको निर्णय



**टुडे समाचारदाता**

वीरगञ्ज । शुक्रबारदेखि आइतबारसम्म हुनसक्ने अति भारी वर्षा, बाढी, डुबान, मेघगर्जन, चट्याङ तथा हावाहुरीको जोखिमलाई मध्यनजर गर्दै जिल्ला विपद् व्यवस्थापन समिति पर्साले उच्च सतर्कता अपनाउने निर्णय गरेको छ।

जिल्ला विपद् व्यवस्थापन समितिको बिहीबार बसेको बैठकले गृह मन्त्रालयको निर्देशन तथा मौसम पूर्वानुमान महाशाखाको विशेष बुलेटिनलाई आधार बनाउँदै सम्भावित विपद्बाट क्षति न्यूनीकरणका लागि विभिन्न पूर्वतयारी गर्ने निर्णय गरेको हो।

बैठकले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३' अनुसारका रणनीतिहरू तत्काल कार्यान्वयनमा ल्याउने निर्णय गरेको छ।

सम्भावित बाढी, डुबान तथा हुरीबतासका बेला तत्काल उद्धारमा खटिन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका खोज तथा उद्धार टोलीलाई आवश्यक सामग्रीसहित २४ सै घण्टा 'अलर्ट' अवस्थामा राखिने भएको छ भने जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (डीईओसी) सञ्चालनमा ल्याउने निर्णय गरिएको छ।

त्यस्तै, नदीतटीय क्षेत्र, तल्लो भूभाग तथा डुबानको जोखिममा रहेका बस्तीमा स्थानीय तह, सुरक्षा निकाय र सञ्चारमाध्यममार्फत मौसम तथा सुरक्षा सम्बन्धी सूचना प्रवाह गर्ने निर्णय भएको छ। जोखिम अवधिमा अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन र सुरक्षित स्थानमा रहन सर्वसाधारणलाई अपिल गर्ने निर्णयसमेत गरिएको छ।

सम्भावित जोखिमयुक्त बस्तीको पहिचान गरी विपद्को समयमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताका साथ सुरक्षित आश्रयस्थलमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउन जिल्लाका सबै स्थानीय तहसँग समन्वय गरिने भएको छ।

विपद्का कारण स्वास्थ्य क्षेत्रमा पर्न सक्ने असरलाई ध्यानमा राख्दै नारायणी अस्पतालसहित निजी अस्पताल, नर्सिङ होम तथा स्वास्थ्य केन्द्रहरूलाई आकस्मिक उपचार, औषधि र चिकित्सकसहित तयारी अवस्थामा राख्न स्वास्थ्य कार्यालयमार्फत निर्देशन दिने निर्णय गरिएको छ भने जिल्लाभरका एम्बुलेन्सलाई समेत तयारी अवस्थामा राख्न निर्देशन समेत दिएको छ।

भारी वर्षाका कारण सडक अवरुद्ध हुनसक्ने भन्दै मुख्य सडकखण्ड तथा हुलाकी राजमार्ग आसपासमा बाटो खुलाउन आवश्यक पर्ने जेसीबी तथा हेभी इक्युपमेन्ट तयारी अवस्थामा राख्न डिभिजन सडक कार्यालय र स्थानीय तहसँग समन्वय गरिने समितिले जनाएको छ।

बैठकले विपद्को समयमा खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि जिल्लास्थित राजनीतिक दल, स्थानीय तह, नागरिक समाज, गैरसरकारी संस्था, सरकारी निकाय तथा स्वयंसेवी संस्थाहरूलाई समन्वयात्मक भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

त्यस्तै, सरकारी तथा सार्वजनिक कार्यालयहरूले आफ्ना भौतिक संरचना, महत्वपूर्ण कागजात, सवारीसाधन तथा विद्युतीय उपकरणको सुरक्षाका लागि आवश्यक पूर्वतयारी गर्नुपर्ने निर्णय भएको छ। चट्याङ तथा सर्ट सर्किटबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि प्रयोगमा नरहेका विद्युतीय उपकरण बन्द राख्न कर्मचारीलाई जानकारी गराउने निर्णयसमेत गरिएको छ।

## रेडियो टिभीका फाइलहरु प्राद्यिकरणलाई हस्तान्तरण

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेस प्रदेश क्षेत्र भित्र संचालनमा रहेका एफ एम रेडियो तथा टेलिभिजन को फाइलहरु सुचना तथा प्रशारण बिभागले आमसञ्चार प्राधिकरण मधेस प्रदेश लाई हस्तान्तरण गरेको छ।

सुचना तथा प्रशारण बिभागको काठमाडौस्थित कार्यालयमा विभागका महानिर्देशक अनुप दहालले आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खडगालाई बिहीवार हस्तान्तरण गरेका हुन्।

फाइलहरु बुझ्पेछि अध्यक्ष खडगाले भने, मधेस प्रदेशका एफएम तथा टिभि सञ्चालकहरुहरुका लागि खुसीको कुरा हो। नविकरण लगायतका समान्य कामका लाग राजधानी काठमाण्डु धाउनु पर्ने बाध्यता अब समाप्त हुने भयो।

फाइलहरू प्रदेशमै आएपछि अब सञ्चार संस्थाले सामान्य प्रशासनिक कामका लागि केन्द्र धाउनुपर्ने अवस्था अन्त्य हुने प्राधिकरणको भनाइ छ। यसबाट सञ्चार संस्थाको समय र आर्थिक भार घट्नुका साथै प्रदेशमै सेवा प्राप्त गर्ने वातावरण बन्ने विश्वास गरिएको छ।

एफ एम रेडियोको दर्ता तथा नवीकरण अब प्राधिकरणको कार्यालय जनकपुरधाममै हुनेछ। नेपालको संविधान तथा मधेस प्रदेश सञ्चार ऐन रेडियो टिभिको दर्ता नविकररण प्रदेसमै हुने ब्यवस्था छ। तर, सरकारी लापरवाहीका कारण बिगत सात बर्ष देखि केन्द्र शासित सुचना बिभागबाट उक्त फाइलहरु ल्याउने प्रयास नै भएन। जस कारण सञ्चार संस्था सञ्चालकहरुले पाउनु पर्ने सुबिधा बाट बञ्चित रहयो भने, अर्को तर्फ मधेस सरकारले बर्षेणी करोड भन्दा बढि राजश्व गुमाउदै आएको थियो।

जनकपुर टुडेसँग कुरा गर्दै प्रधिकरण अध्यक्ष खड्गाले भने, 'म जिम्मेवारी सम्हालेकै दिनदेखि निरन्तर प्रयासरत थिए। यस प्रकरणमा रहेको थौरै कानुनी जटिलता समाधान गर्न मधेस सरकारका गृह सञ्चार तथा कानुन मन्त्री फकिरा महतोको अहम सहयोग रहयो। उनको र ततकालिन गृह सचिव गणेश नायकको सहयोगले रेडियो टेलिभिजनको फायल प्राधिकरणमा ल्याउन सफल भयौ।'

हेर्दा समान्य लाग्न सक्छ तर, रेडियो टेलिभिजन को फायल प्राधिकरणमा ल्याउनु मधेस सरकारको ठुलो उपलब्धि हो। यसले संविधान प्रदत अधिकार प्राप्त गर्न सकेका छौ भने, रेडियो टिभी सञ्चालकलाई सुबिधा प्रदान गरिने उनले भने।

प्राद्यिकरणको सो कार्यले मधेस प्रदेश सरकारलाई राजश्व उपलब्ध गराउने कार्यालयहरु मध्ये आमसञ्चार प्राधिकरण अग्रणी स्थान मा पर्ने भएको छ। आमसञ्चार प्राधिकरणको पछिल्लो कार्य ठुलो उपलब्धि को रुपमा लिएको छु, प्राधिकरण अध्यक्षले भने।




**चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा साँस्कृतिक विविधतालाई साझा सम्पत्तिका रुपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावका साथ चाडपर्व मनाऔं।

**चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८